# अन्तिम लेखापरीक्षण प्रतिवेदन

## मेन्छयायेम गाउँपालिका
## तेह्रथुम

आर्थिक वर्ष २०७९/८०





महालेखापरीक्षकको कार्यालय
काठमाडौं, नेपाल

# अन्तिम लेखापरीक्षण प्रतिवेदन

मेन्छयायेम गाउँपालिका

तेह्रथुम

आर्थिक वर्ष २०७९/८०




महालेखापरीक्षकको कार्यालय
काठमाडौं, नेपाल

# अन्तिम लेखापरीक्षण प्रतिवेदन

मेन्छयायेम गाउँपालिका

तेह्रथुम

आर्थिक वर्ष २०७९/८०

महालेखापरीक्षकको कार्यालय
काठमाडौं, नेपाल

## दूरदृष्टि (VISION)

जवाफदेहिता, पारदर्शिता र निष्ठा प्रवर्द्धन गर्ने विश्वसनीय संस्था

*(Be Credible Institution in Promoting Accountability, Transparency and Integrity)*

## गन्तव्य (MISSION)


राष्ट्रलाई स्वतन्त्र एवं गुणस्तरीय लेखापरीक्षण सेवा प्रदान गर्ने

*(Provide independent and Quality Audit Service to the Nation)*

## मूल्य मान्यता (Core Values)

| | |
|---|---|
| निष्ठा | *(Integrity)* |
| स्वतन्त्रता | *(Independence)* |
| व्यावसायिकता | *(Professionalism)* |
| पारदर्शिता | *(Transparency)* |
| जवाफदेहिता | *(Accountability)* |

# महालेखापरीक्षकको भनाइ



नेपालको संविधानको धारा २४१ मा संघ, प्रदेश र स्थानीय तहको लेखा कानुन बमोजिम नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्य समेतको विचार गरी महालेखापरीक्षकबाट लेखापरीक्षण हुने व्यवस्था छ। त्यसैगरी लेखापरीक्षण ऐन, २०७५ को दफा २० को उपदफा २ मा महालेखापरीक्षकले प्रत्येक स्थानीय तहको लेखापरीक्षण सम्पन्न गरी अलग अलग प्रतिवेदन जारी गर्न सक्ने व्यवस्था छ । लेखापरीक्षण गर्दा नेपाल सरकारी लेखापरीक्षणमान, लेखापरीक्षण मार्गदर्शन, स्थानीय तह लेखापरीक्षण निर्देशिका, महालेखापरीक्षकको वार्षिक लेखापरीक्षण योजना र स्थानीय तहसँग सम्बन्धित ऐन, नियमलाई आधार लिईएको छ। यस स्थानीय तहको २०७९/८० को लेखापरीक्षणबाट देखिएका व्यहोरा उल्लेख गरी प्रारम्भिक प्रतिवेदन जारी गरिएकोमा सो उपर प्राप्त प्रतिक्रिया समेत विचार गरी राय सहितको प्रतिवेदन जारी गरिएको छ ।

वित्तीय विवरणको शुद्धता, प्रचलित कानुनको परिपालना, बजेट तथा योजना तर्जुमा एवं कार्यक्रम कार्यान्वयन, खरिद व्यवस्थापन, सार्वजनिक सेवा प्रवाह, आन्तरिक नियन्त्रण प्रणाली, आन्तरिक आय परिचालन, जनशक्ति व्यवस्थापन, जिम्मेवारी एवं जवाफदेहिता लगायतका विषयहरूको अध्ययन, विश्लेषण तथा मूल्याङ्कन गर्नुका साथै स्रोत साधनको प्राप्ति, उपयोग एवं परिचालन सन्दर्भमा मितव्ययिता, कार्यदक्षता र प्रभावकारिता समेतलाई दृष्टिगत गर्दै कार्यान्वयनयोग्य सुझाव प्रदान गरी सुशासन कायम गर्न सहयोग गर्नु लेखापरीक्षणको उद्देश्य रहेको छ । समय, जनशक्ति, स्रोतको उपलव्धता लगायतका सीमा रहेता पनि स्थानीय तह सम्म नै उपस्थित भई लेखापरीक्षण सम्पन्न गर्ने नीति लिइएको छ। यसै गरी लेखापरीक्षणको क्रममा स्थानीय तहका पदाधिकारी तथा जिम्मेवार कर्मचारीहरूसँग लेखापरीक्षणबाट देखिएका व्यहोरा उपर छलफल गरिएको छ।

यस वर्ष स्थानीय तहको लेखापरीक्षणबाट कार्यसम्पादनका लागि आवश्यक पर्ने कतिपय कानुन निर्माण हुन बाँकी रहेको, कानुनको पूर्ण परिपालना हुन नसकेको, बजेट अनुशासन कमजोर रहेको, आन्तरिक आय न्यून रहेको, प्रशासनिक तथा अनुत्पादक खर्चमा वृद्धि हुँदै गएको, एउटै योजना समेत टुक्र्याई कार्य गर्ने गरेको, वर्षान्तको खर्च उच्च रहेको, निर्माणको सुनिश्चितता नभएका आयोजनाहरुको समेत परामर्शदाताद्वारा विस्तृत आयोजना प्रतिवेदन तयार गरी खर्च गरेको, जटिल प्रकृतिका कार्यहरू समेत उपभोक्ता समितिबाट गराएको, जनशक्ति व्यवस्थापन हुन नसक्दा सेवा प्रवाह प्रभावकारी हुन नसकेको, स्वीकृत दरबन्दी बेगरका कर्मचारी समेत नियुक्ति गरेको, आन्तरिक नियन्त्रण र लेखाङ्कन तथा प्रतिवेदनमा सुधार गर्नु पर्ने देखिएको, सार्वजनिक सम्पत्ति संरक्षण र उपयोग प्रभावकारी रुपमा हुन नसकेको, स्थानीय तहमा लेखापरीक्षण प्रतिवेदन उपर छलफल र बेरुजु फर्स्योट सम्बन्धी स्पष्ट कार्यविधि तर्जुमा गर्न बाँकी रहेको जस्ता व्यहोरा देखिएका छन्। त्यस स्थानीय तहसँग सम्बन्धित व्यहोरा सहितको राय संलग्न गरिएको छ। एकै प्रकृतिका व्यहोराहरू वर्षेनी दोहोरिने गरेकोले वित्तीय अनुशासनमा अपेक्षित रुपमा सुधार हुन सकेको छैन। अतः लेखापरीक्षणबाट औंल्याएका ब्यहोराहरू उपर आवश्यक कारबाही गरी वित्तीय अनुशासन कायम गर्नुका साथै सेवा प्रवाहलाई प्रभावकारी बनाउन त्यस स्थानीय तहबाट थप पहल कदमी हुने विश्वास लिएको छु ।

अन्तमा, स्थानीय तहको लेखापरीक्षणमा सहयोग पुऱ्याउने स्थानीय तहका पदाधिकारी तथा कर्मचारीप्रति आभार व्यक्त गर्दछु। साथै लेखापरीक्षण कार्यमा संलग्न यस कार्यालयका कर्मचारीहरूको कार्यसम्पादनको लागि विशेष धन्यवाद व्यक्त गर्दछु ।

**तोयम राया**

**२०८१ जेष्ठ** **महालेखापरीक्षक**

महालेखापरीक्षकको कार्यालय
अनामनगर/बबरमहल, काठमाडौं, नेपाल
**प्रादेशिक लेखापरीक्षण महानिर्देशनालय**
**कर्णाली प्रदेश**

मितिः२०८१।०२।१३

प.सं. २०८०।८१

च.नं. १६४

विषयः **लेखापरीक्षण प्रतिवेदन ।**

श्री अध्यक्ष ज्यू ,

मेन्छयायेम गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालय,

मेन्छयायेम, तेह्रथुम ।

१. **कैफियत सहितको राय** - हामीले पालिकाको आर्थिक वर्ष २०७९/८० को प्रप्ति र भुक्तानीको विवरण, त्यससँग सम्बन्धित अनुसूची तथा अन्य विवरणको लेखापरीक्षण गरेका छौं ।

हाम्रो रायमा, यस प्रतिवेदनको कैफियत सहितको राय व्यक्त गर्ने आधार खण्डमा उल्लेख भएका विषयले पार्ने असर बाहेक पेस भएको २०८० आषाढ ३१ मा समाप्त भएको आर्थिक वर्ष २०७९/८० को प्राप्ति र भुक्तानीको विवरण र त्यससँग सम्बन्धित अनुसूची तथा अन्य विवरण समावेश भएको वित्तीय प्रतिवेदनले यस पालिकाको वित्तीय कारोबार र प्रतिवेदनसँग सम्बन्धित प्रचलित कानुन बमोजिम सारभूतरूपमा सही तथा यथार्थ अवस्था चित्रण गर्दछ।

२. **कैफियत सहितको राय व्यक्त गर्ने आधार**

२.१. पालिकाले अन्तरसरकारी अख्तियारी, आन्तरिक आय तथा विविध कोष लगायतको वित्तीय विवरण महालेखापरीक्षकबाट स्वीकृत नेपाल सार्वजनिक क्षेत्र लेखामानको ढाँचा पूर्ण रुपमा प्रयोग गरेर तयार गरेको छैन ।

२.२. लेखापरीक्षणबाट रू.१३ लाख २४ हजार बेरुजू देखिएको छ । सो सम्बन्धमा रु.१२ हजारको प्रतिक्रिया प्राप्त भएकोमा सो उपर कारबाही भई बाँकी बेरुजु असुल गर्नुपर्ने रू.४ लाख ३६ हजार, प्रमाण कागजात पेस गर्नुपर्ने रू. ८ लाख ७६ हजार, समेत गरी यस वर्ष रु.१३ **लाख १२ हजार** बेरुजू कायम रहेको छ ।म्यान्छेयायेम गाउँपालिकाको गतवर्ष सम्म रु.१० करोड २६ लाख २७ हजार बेरुजू बाँकी रहेकोमा हालसम्मको अद्यावधिक बेरुजू रु. ८ करोड ५ लाख ६९ हजार रहेको छ ।मेन्छयायेम गाउँपालिकाको बेरुजु वर्गीकरण, अद्यावधिक बेरुजु स्थिति र बेरुजु सम्परीक्षणको व्यहोरा यसैसाथ संलग्न छ ।

२.३. हाम्रो लेखापरीक्षण कार्य नेपालको संविधान, लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्बन गरेका नेपाल सरकारी लेखापरीक्षण मान, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुन

बमोजिम गरिएको छ ।वित्तीय प्रतिवेदन तयार गर्ने मेन्छयायेम गाउँपालिकासँग हामी स्वतन्त्र छौं।त्यसका लागि प्रचलित कानुन र स्वीकृत आचारसंहिता अनुसार हामीले कार्य गरेका छौं ।लेखापरीक्षणको क्रममा प्राप्त गरेका लेखापरीक्षण प्रमाणहरू हाम्रो राय व्यक्त गर्ने आधारका लागि पर्याप्त र उपयुक्त छन् भन्ने कुरामा हामी विश्वस्त छौं।

३. **अन्य व्यहोरा -** ऐन नियमको परिपालना, आन्तरिक नियन्त्रण व्यवस्था, सम्पत्तिको संरक्षण, स्रोत साधनको प्राप्ति र उपयोग, बजेट व्यवस्थापन र राजस्व संकलन, सार्वजनिक खरिद व्यवस्थापन, कार्यक्रम स्वीकृति एवं कार्यान्वयन, उपभोक्ता समितिलाई अनुदान वितरण तथा अनुगमन र सेवा प्रवाहलगायतका सुधार गर्नुपर्ने देखिएका छन् ।

४. **वित्तीय विवरण उपर व्यवस्थापन तथा पदाधिकारीको जिम्मेवारी -** नेपाल सार्वजनिक क्षेत्र लेखामान (नगदमा आधारित) बमोजिम आर्थिक कारोवारको सही र यथार्थ अवस्था चित्रण हुने गरी एकीकृत वित्तीय विवरण तयार गर्ने तथा गल्ती (Fraud) वा त्रुटिका कारणबाट वित्तीय विवरण सारभूत रुपमा गलत आँकडा रहित स्वरुपमा बन्ने गरी आवश्यक आन्तरिक नियन्त्रण प्रणाली लागु गर्ने जिम्मेवारी मेन्छयायेम गाउँपालिकाको व्यवस्थापनमा रहेको छ।पालिकाका अध्यक्ष र प्रमुख प्रशासकीय अधिकृत वित्तीय प्रतिवेदन प्रकृयाको अनुगमनका लागि जिम्मेवार हुनेछन् ।

५. **वित्तीय विवरणको लेखापरीक्षण उपर लेखापरीक्षकको जिम्मेवारी -** वित्तीय प्रतिवेदन समग्रमा गल्ती (Fraud) वा त्रुटिका कारण सारभूत रुपमा गलत आँकडा रहित रहेको छ भनी यथोचित आश्वस्तता प्राप्त गरी राय सहितको लेखापरीक्षण प्रतिवेदन जारी गर्नु लेखापरीक्षणको उद्देश्य हो।लेखापरीक्षणमा यथोचित आश्वस्तताले उच्च स्तरको आश्वस्तता प्रदान गरेको हुन्छ ।लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्वन गरेका नेपाल सरकारी लेखापरीक्षण मान, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुन बमोजिम लेखापरीक्षण कार्य सम्पादन गरेको अवस्थामा समेत आन्तरिक नियन्त्रण र वित्तीय प्रतिवेदनको प्रकृति, लेखापरीक्षणका विधि तथा लेखापरीक्षण सम्पन्न गर्न लागेको समय जस्ता लेखापरीक्षणका अन्तरनिहित सीमाहरुका कारण वित्तीय विवरण वा आर्थिक कारोवारमा भएका सबै प्रकारका गल्ती (Fraud) वा त्रुटि पत्ता लाग्न सक्ने निश्चितता हुदैन।वित्तीय विवरणका उपयोगकर्ताले सामान्यतया गर्ने आर्थिक निर्णयमा फरक पार्ने अवस्था देखिएका गल्ती (Fraud) वा त्रुटिका एक वा समग्र सूचनालाई सारभूत रुपमा गलत आँकडा मानिएको छ ।

( श्रीकुमार राई )

**नायब महालेखापरीक्षक**

मेन्छयायेम गाउँपालिका,

तेह्रथुम जिल्ला,

## १. चालु वर्ष २०७९।८० को बेरुजु

बेरुजु वर्गीकरण (विनियोजन, राजस्व, धरौटी र अन्य कारोबार)

(रु. हजारमा)

| प्रारम्भिक बेरुजु | | | प्रतिक्रियाबाट फस्यौंट | | | बाँकी बेरुजु | | | बेरुजु | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | असुल गर्नु पर्ने | नियमित गर्नुपर्ने | | | | | पेस्की |
| दफा संख्या | | रकम | दफा संख्या | | रकम | दफा संख्या | | रकम | असुल गर्नु पर्ने | अनियमित भएको | प्रमाण कागजात पेश नभएको | जिम्मेवारी नसारेको | सोधभर्ना नलिएको | जम्मा | पेस्की |
| सैद्धान्तिक | लगती | | सैद्धान्तिक | लगती | | सैद्धान्तिक | लगती | | | | | | | | |
| ४५ | १८ | १३२४ | ४५ | ९ | १२ | ४५ | ९ | १३१२ | ४३६ | ८७६ | ० | ० | ० | ८७६ | ० |

## २. अद्यावधिक बेरुजु स्थिति (२०७९।८० सम्मको)

(रु. हजारमा)

| जिल्ला | गत वर्ष सम्मको बाँकी | समायोजन | यो वर्ष फस्यौंट | बाँकी बेरुजु | यो वर्ष सम्परीक्षणबाट कायम बेरुजु | यो वर्षको बेरुजु | कुल बेरुजु बाँकी |
|---|---|---|---|---|---|---|---|
| तेह्रथुम | १०२६२७ | ० | २३३७० | ७९२५७ | ० | १३१२ | ८०५६९ |

## ३. बेरुजु सम्परीक्षणको विवरण

| क्र. सं | आर्थिक वर्ष | बेरुजुको दफा | छोटकरी व्यहोरा | सम्परीक्षण भएको रकम |
|---|---|---|---|---|
| | २०७९।८० (चालु वर्षको) | ४६ | असुल भई आएको | १२३५० |
| | चालु वर्षको जम्मा | | | १२३५० |
| | गत विगत वर्षतर्फको | | | |
| | २०७८।७९ | १९.१ | प्रमाण पेश भई आएको | ३६०००० |
| | २०७८।७९ | ४४.२ | असुल भई आएको | ३०१३० |
| | **२०७८।७९** | | | **३६३०१३०** |
| | २०७७।७८ | ३ | प्रमाण पेश भई आएको | १८८०४३३६ |
| | २०७७।७८ | १६ | असुल भई आएको | १९२००० |

| क्र. सं | आर्थिक वर्ष | बेरुजुको दफा | छोटकरी व्यहोरा | सम्परीक्षण भएको रकम |
|---|---|---|---|---|
| | २०७७।७८ | १७ | असुल भई आएको | १७५१०० |
| | **२०७७।७८** | | | **१९१७१४३६** |
| | २०७६।७७ | १३ | अनुगमन भत्ता गीता देवी गौतम | ११०५० |
| | २०७६।७७ | १४ | वैठक भत्ता असुल भई आएको | ४०८० |
| | २०७६।७७ | ११ | याताया भत्ता असुल भई आएको | |
| | २०७६।७७ | ११ | शहरमान लिम्बु ४८००० | १९२००० |
| | २०७६।७७ | ११ | राम बहादुर लिम्बु ४८००० | |
| | २०७६।७७ | ११ | लिला कुमार लिम्बु ४८००० | |
| | २०७६।७७ | ११ | विनय कुमार लिम्बु ४८००० | |
| | **२०७६।७७** | | | **२०७१३०** |
| | २०७५।७६ | २२ | बैठक भत्ता असुल भई आएको | ८००० |
| | २०७५।७६ | २२ | मिङ्फेरी शेर्पा ४००० | |
| | २०७५।७६ | २२ | शिवनाथ खापुङ्ग २००० | |
| | २०७५।७६ | २२ | लिला कुमार लिम्बु २००० | |
| | **२०७५।७६** | | | **८०००** |
| | २०७४/७५ | १९ | **प्रमाण पेश** | **३५२८१५** |
| | **गत विगतको जम्मा** | | | **२३३६९५११** |
| | **कुल जम्मा** | | | **२३३८१८६१** |

**पालिकाको अन्तिम लेखापरीक्षणको विवरण तल उल्लेख गरिएको छ ।**

# परिचय

१ **परिचय**

**(क) मेन्छयायेम गाँउपालीकाको परिचय -** स्थानीय शासन पद्धति सुदृढ गरी विधायिकी, कार्यकारिणी र न्यायिक अभ्यास संस्थागत गर्दै स्थानीय सरकार सञ्चालन गर्न यस पालिकाको स्थापना भएको हो। स्थानीय सरकारले सञ्चालन गर्ने कार्यमा सहकारिता, सह-अस्तित्व र समन्वय प्रवर्द्धन गर्नु र स्थानीय सरकारका काममा जनसहभागिता, उत्तरदायित्व,पारदर्शिता सुनिश्चित गरी नागरिकलाई गुणस्तरीय सेवा प्रदान गर्नु पालिकाको उद्देश्य रहेको छ। यस पालिकामा ६ वडा रहेको छ भने क्षेत्रफल ७०.०९ वर्ग किलोमिटर तथा जनसंख्या ६६७८ रहेको छ।

**(ख) लेखापरीक्षणको उद्देश्य -** लेखापरीक्षण गरिने निकायको वित्तीय विवरण तथा कारोबारको परीक्षण गरी उचित आश्वस्तता (Reasonable Assurance) प्रदान गर्नु वित्तीय लेखापरीक्षणको उद्देश्य हो ।यस कार्यालयको आर्थिक वर्ष २०७९।८० को सबै प्रकारका आर्थिक कारोबारको परीक्षण एवं प्रचलित कानूनको परिपालनाको मूल्याङ्कन गरी प्रतिवेदन गर्नु लेखापरीक्षणको उद्देश्य हुनेछ।

**(ग) लेखापरीक्षणको क्षेत्र र अवधि -** यस कार्यालयको विनियोजन, राजश्व, धरौटी, कोष तथा अन्य आय-व्यय, मौज्दात हिसाब, आर्थिक व्यवस्थापन, कार्यक्रम सञ्चालन, जिन्सी व्यवस्थापन, जनशक्ति व्यवस्थापन तथा सेवा प्रवाह लगायत आर्थिक वर्ष २०७९।८० मा सञ्चालित क्रियाकलापलाई लेखापरीक्षण क्षेत्रमा समावेश गरिएको छ। स्थलगत लेखापरीक्षणको अवधि २०८०।५।२३ देखि २०८०।६।२६ सम्म रहेको छ।

**(घ) लेखापरीक्षण विधि -** लेखापरीक्षण ऐन, २०७५ र नेपाल सरकारी लेखापरीक्षण मानदण्ड तथा मार्गदर्शनमा नमूना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा कार्यालयले स्वीकृत गरेको जोखिममा आधारित लेखापरीक्षण योजनाका आधारमा निकायको आन्तरिक नियन्त्रणको परीक्षण तथा विश्लेषणात्मक र विस्तृत परीक्षण विधि अवलम्वनबाट लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन जारी गरिएको छ। लेखापरीक्षण गर्दा देखिएका व्यहोरा सम्बन्धमा कार्यालय प्रमुख तथा लेखा प्रमुख लगायतका पदाधिकारीहरूसँग छलफल सम्पन्न गरी कायम भएका व्यहोराहरू यस प्रतिवेदनमा समावेश गरिएको छ।

**(ङ) लेखापरीक्षणको सीमा -** लेखापरीक्षण ऐन, २०७५ र नेपाल सरकारी लेखापरीक्षण मानदण्ड, २०७७ तथा मार्गदर्शनमा नमूना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा महालेखापरीक्षकको कार्यालयले नेपाल लेखापरीक्षण व्यवस्थापन प्रणाली (NAMS) अवलम्बन गरी स्वीकृत भएको जोखिममा आधारित लेखापरीक्षण योजना, लेखापरीक्षण गरिएको निकायबाट पेश भएका लेखा एवं सोसँग सम्बन्धित कागजात, विवरण, लिखित प्रतिनिधित्व पत्र, लेखापरीक्षण अनुबन्ध पत्र समेतको आधारमा लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन जारी गरिएको छ । आम्दानी तथा खर्चलाई नतिजासँग तुलना गरी विश्लेषण गर्नका लागि पर्याप्त भौतिक एवं स्थलगत अवलोकन गर्न भौगोलिक कठिनाइ, समय सीमा, स्रोतको उपलब्धता, प्रमाणको प्रकृति तथा पहुँच जस्ता अन्तर्निहित जोखिमहरु सीमाको रुपमा रहेका छन् । सारभूत रूपमा उल्लेखनीय नदेखिएका व्यहोरालाई प्रतिवेदनमा समावेश गरिएको छैन । लेखापरीक्षण प्रारम्भिक प्रतिवेदनको मस्यौदाउपर व्यवस्थापनसँग छलफल सम्पन्न गरिएको छ।

**(च) आर्थिक कारोबारको स्थिति -** कार्यालयको आय व्ययतर्फ रु. ३९१८५२३५२ को लेखापरीक्षण सम्पन्न गरिएको छ। सो को विवरण अनुसूची -१ मा संलग्न छ।

**(छ) लेखापरीक्षणमा परीक्षण गरिएका मुख्य विषयहरु -** लेखापरीक्षण योजना अनुसार परीक्षण गरिएका विषयहरु अनुसूची -२ मा संलग्न छ।

**(ज) लेखापरीक्षणको क्रममा असुली** - लेखापरीक्षणको क्रममा देहाय बमोजिमको रु.४१०२०४ असुली भई संघीय सञ्चित कोष दाखिला भएको र स्थानीय सञ्चित कोषमा रु.१६६१७३ दाखिला भएको छ ।

| सि.नं. | बिवरण | रकम रु. |
|---|---|---|
| १ | सामाजिक सुरक्षा | १९३०४८ |
| २ | संघीय राजश्व वढी भुक्तानी | १८६५०० |
| ३ | संघीय राजश्व वढी भुक्तानी | ३०६५६ |
| ४ | आन्तरिक राजश्व | १६१४५१ |
| ५ | आन्तरिक राजश्व | ४७२२ |
| | **जम्मा** | **५७६३७७** |

## लेखापरीक्षणबाट देखिएका व्यहोराहरु

### २ वित्तीय प्रतिवेदनः

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को नियम (७२) मा नेपाल सरकारले निर्धारण गरे बमोजिमको आय र व्ययको वर्गीकरण तथा खर्च शीर्षक सम्बन्धी व्यवस्था अवलम्बन गर्नुपर्ने तथा नियम ७६(२) मा महालेखा परीक्षकबाट स्वीकृत भए बमोजिमको ढाँचामा लेखा राख्नुपर्ने व्यवस्था गरेको छ। पालिकाले २०७६।२।१९ मा महालेखापरीक्षकबाट स्वीकृत भएको सार्वजनिक क्षेत्र लेखामान (NPSAS) अनुसार लेखाङ्कन तथा प्रतिवेदन गर्नुपर्दछ। पालिकाले उपलव्ध गराएको स्थानीय सरकारको कोषको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं २७२) सम्बन्धमा निम्नअनुसार देखिएको छः

- वित्तीय विवरणको यथार्थता - पालिकाको आर्थिक कार्यप्रणालीको लेखाङ्कनक गर्न स्थानीय सञ्चित कोष व्यवस्थापन प्रणाली (सुत्र) प्रयोगमा रहेको छ । आर्थिक कारोबार गर्दा सुत्रको प्रयोग गरी सम्पूर्ण आर्थिक कारोवारको लेखाङ्कन तथा प्रतिवेदन गर्नुपर्दछ भने सोही प्रणालीबाट स्थानीय सरकारको कोषको प्राप्ती र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं २७२) तयार गर्नुपर्छ। पालिकाले सामाजिक सुरक्षा तथा संरक्षणको रु.३८२६८५६२, एकीकृत स्वास्थ्य पूर्वाधार विकास कार्यक्रमको रु. ६००००००

समेत रु.४४२६८५६२ सुत्रमा लेखाङ्कन गरेको छैन। जसले गर्दा सुत्रबाट तयार भएको वित्तीय विवरणसमेत पूर्ण नहुँदा पालिकाको यथार्थ आर्थिक अवस्थाको चित्रण गरेको छैन। तसर्थ सबै आर्थिक कारोबार सुत्र मार्फत हुने र सबै कारोबार वित्तीय विवरणमा समावेश गर्ने व्यवस्था गर्नुपर्दछ।

- फरक जिम्मेवारी - पालिकाले आफ्नो कारोबारको जिम्मेवारी भिडान गरी हिसाब यकिन गर्नुपर्दछ। पालिकाको गतवर्षको लेखापरीक्षण प्रतिवेदनअनुसार रु. ४६८४५१०९.२५ मौज्दात रहेकोमा यो वर्ष रु. ४६८४५१०९.२५ जिम्मेवारी सारेको छ। जिम्मेवारी फरक देखिएन।
- बैङ्क हिसाब विवरण - स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा (७६) अनुसार पालिकाको कारोबार, आय व्ययको लेखा प्रणाली तथा राजस्व र खर्च शीर्षकको वर्गीकरण अनुसार लेखाङ्कन र बैङ्क हिसाब मिलान विवरण (म.ले.प.फा.नं.२१२) तयार गरी हिसाब भिडान समेत गर्नुपर्दछ। पालिकाले बैङ्क हिसाब मिलान विवरण तयार गरी हिसाब भिडान गरेको छ।
- सञ्चित कोषमा जम्मा (ट्रान्सफर) - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा (७५) बमोजिम एक आर्थिक वर्षमा खर्च हुन नसकी बाँकी रहेको रकम आर्थिक वर्षको अन्तमा स्थानीय तहको सञ्चित कोषमा स्थानान्तरण गर्नुपर्ने व्यवस्था छ।

३ **आन्तरिक लेखापरीक्षण -** स्थानीय तह सञ्चालन ऐन, २०७४ को दफा ७७ (२) मा स्थानीय तहले आर्थिक कारोबारको नियमितता, मितव्ययिता, कार्यदक्षता र प्रभावकारिताको आधारमा प्रत्येक त्रैमासिक समाप्त भएको एक महिना भित्र आन्तरिक लेखापरीक्षण गराउनु पर्ने व्यवस्था छ। पालिकाले आर्थिक कारोबारको नियमावलीमा उल्लेखित त्रैमासिक अवधि भित्र आन्तरिक लेखापरीक्षण गराएको देखिएन। नियमावलीमा उल्लेखित व्यवस्थाको पूर्ण परिपालना हुनुपर्दछ।

४ **आन्तरिक नियन्त्रण प्रणाली -** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा (७८) वमोजिम आन्तरिक नियन्त्रण प्रणाली तयार गरी लागु गर्नुपर्ने व्यवस्था छ । पालिकाले त्यस्तो प्रणाली तयार गरी लागु गरेको पाईएन। जसले गर्दा पालिकाको आन्तरिक नियन्त्रण प्रणाली कमजोर रहेको र सोमाथि विश्वस्त हुन सक्ने अवस्था छैन । यस सम्बन्धमा देखिएका केही व्यहोराहरु देहाय बमोजिम रहेका छनः

वजेट व्यवस्थापनतर्फ

- स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा (११) अनुसार आफ्नो क्षेत्र भित्रको आधारभूत तथ्यांक संकलन, अभिलेखांकन र व्यवस्थापन गरेको देखिएन ।
- स्थानीय तहले एक आर्थिक वर्ष भित्र भएको आर्थिक कारोवारको अनुसूची ११ बमोजिमको ढाँचामा वार्षिक प्रतिवेदन तयार गरेको पाईएन ।
- अन्तरसरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा (१७) बमोजिम मध्यकालीन खर्च संरचना तयार गर्नुपर्नेमा स्थानीय तहले सो बमोजिमको मध्यमकालीन खर्चको संरचना तयार गरेको देखिएन ।
- दीगो विकास लक्ष्य पुरा गर्न वातावरण संरक्षण लगायत आन्तरिकिकरणको लागि एकिकृत दीर्घकालीन योजना तयार गरेको देखिएन ।
- स्थानीय तहले कार्यक्रम संचालन जस्तैः बैठक भत्ता, तालिम, गोष्ठी गर्नको लागि कार्य संचालन निर्देशिका स्वीकृति गरी सोको पालना गरेको देखिएन ।

- स्थानीय तहबाट यस वर्ष संचालित कार्यक्रम तथा योजनाको कार्यान्यवयन र सेवा प्रवाह समेतको वार्षिक कार्यक्रम अनुसारको प्रगति तयार गरेको देखिएन ।

सार्वजनिक खरिद व्यवस्थापनतर्फ

- सार्वजनिक खरिद ऐन, २०६३ को नियम (६) अनुसार सार्वजनिक निकायले तोकिएको सीमा भन्दा बढी रकमको खरिद गर्दा तोकिए बमोजिम खरिदको गुरुयोजना र वार्षिक खरिद योजना तयार गर्नुपर्ने उल्लेख छ । स्थानीय तहले खरिद गुरुयोजना र वार्षिक खरिद योजना तयार गरेको देखिएन ।
- सार्वजनिक खरिद नियमावली, २०६४ को नियम (९७) अनुसार यस वर्ष कार्यसम्पन्न भएका आयोजना तथा कार्यक्रमहरु उपभोक्ता समितिलाई हस्तान्तरण गरेको देखिएन ।
- सञ्चालित योजनाहरुको उपभोक्ताको योगदान र कार्य सम्पादन लगायतका विषयमा स्पष्ट गरी सरोकारवाला सहितको सार्वजनिक सुनुवाई र सार्वजनिक परीक्षणलाई अनिवार्य गरेको देखिएन ।
- स्थानीय तहले निर्माण व्यवसायी तथा उपभोक्ता समिति मार्फत कार्य गराएकोमा निर्माण कार्यमा प्रयोग हुने सामानको गुणस्तर परीक्षण गरेको देखिएन ।
- उपभोक्ता समितिबाट सम्झौता बमोजिम समय, लागत र गुणस्तरमा कार्य सम्पन्न मुल्यांकन गरेको देखिएन ।
- उपभोक्ता समितिलाई दिएको कामको अनुगमन गरे नगरेको, गरेको भए अनुगमन प्रतिवेदनबाट देखिएको व्यहोरा सुधार नगरेको,
- स्थानीय तहले विगतमा परामर्शदाताबाट विस्तृत परियोजना प्रतिवेदन तयार गरेकोमा सोको कार्यान्वयन र अभिलेख राखेको देखिएन ।

शिक्षातर्फ

- स्थानीय तहले स्थानीय तह भित्रका विद्यालय अनुगमन गर्न अनुगमन मापदण्ड तयार गरेको तथा अनुगमन गरेको छैन। मापदण्ड तयार गरी नियमित अनुगमन गर्ने र अनुगमन प्रतिवेदन सार्वजनिक गर्ने व्यवस्था गरेको देखिएन ।
- शैक्षिक व्यवस्थापन सूचना प्रणाली (IEMIS):- कार्यक्रम कार्यान्वयन पुस्तिका मा IEMIS मा प्रविष्ट तथ्याङ्कलाई सम्बन्धित विद्यालयबाट कक्षागत विद्यार्थीहरुको यथार्थ तथ्याङ्कसँग सत्यापन गराइ शिक्षा अधिकृतबाट प्रमाणित गरी सोका आधारमा विद्यालयहरुलाई अनुदान निकासा दिनुपर्ने कक्षागत विद्यार्थीहरुको यथार्थ तथ्याङ्कसँग सत्यापन भिडान गर्ने व्यवस्था कार्यान्वयन भएको देखिएन ।
- शिक्षा नियमावली, २०५९ को परिच्छेद ३ नियम १६ मा नं. (झ) मा शिक्षा सेवा आयोगबाट नियुक्ति या बढुवाको लागी सिफारिस भई आएका शिक्षकलाई नियुक्त गर्ने, सामुदायिक तथा सरकारी विद्यालयमा कार्यरत शिक्षकको नोकरी तथा अन्य विवरण अभिलेख अद्यावधिक गरी राख्नुपर्नेमा नियमावलीको व्यवस्था अनुसारका उक्त अभिलेखहरु तयार नगरेको,
- संस्थागत विद्यालयहरूको दर्ता, नविकरण शुल्क निर्धारण, अनिवार्य निशुल्क छात्रवृत्ति, वर्गिकरण, अनुगमन र अभिलेख व्यवस्थित नरहेको,
- संस्थागत विद्यालयहरूमा अध्ययनरत विद्यार्थीहरुको तथ्यांक शैक्षिक व्यवस्थापन सूचना प्रणाली (IEMIS) अद्यावधिक नगरेको,

विविध तर्फ

- कार्यालयले उद्देश्य प्राप्तिमा आइपर्ने सम्भावित जोखिमहरु पहिचान गरी निराकरणको प्रयास गरेको अभिलेख नराखेको।
- कुनै रकम भुक्तानी दिँदा रित पुगे वा नपुगेको जाँच गरी रसिद विल भर्पाइहरुमा सिलसिलेवार नम्बर राखि कार्यालय प्रमुखले तोकेको कर्मचारीले भुक्तानी भएको जनाउने छाँप समेत लगाई दस्तखत गरी प्रमाणित नगरेको
- विविध खर्च गर्दा विभिन्न होटलका विल पेश भएको भएतापनि कतिपय खर्च पुष्टि हुने आधार सहितको प्रमाण संलग्न गरेको देखिएन, खर्चको स्पष्ट उद्देश्य र यथार्थता प्रमाणित हुने आवश्यक प्रमाण संलग्न गरेर खर्च गर्ने र बिल मात्र राखि खर्च गर्ने परिपाटी नरहेको,
- म.ले.प. फाराम ८०१ देखि ८०५ सम्मका म.ले.प. फाराम मध्ये कार्यालयसँग सम्बन्धित फारामको अभिलेख राखे नराखेको
- मन्त्रालयको मिति २०७३।१२।२५ को आर्थिक कारोबार तथा खाता सञ्चालन सम्बन्धमा थप स्पष्ट पारिएको परिपत्रको दफा १७ बमोजिम यस स्थानीय तह तथा स्थानीय तहमा समाहित भएका साविक गाउँ विकास समिति तथा नाममा रहेको पेश्की तथा बेरुजु अभिलेख समायोजन भएको स्थानीय तहमा कायम गरी नियमानुसार पेश्की फर्छ्यौट तथा बेरुजु सम्परीक्षण कार्य गर्नुपर्नेमा गरेको देखिएन।
- सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२३ (१) मा खरिद सम्झौता अनुसार सार्वजनिक निकायले रनिङ बिल वा अन्य कुनै बिल बिजकको भुक्तानी गर्दा प्राविधिक नापजाँच गरी नापी किताबमा उल्लेख भएको वास्तविक कार्यसम्पादनको आधारमा भुक्तानी गर्नुपर्ने व्यवस्था रहेको छ।उपभोक्ता समितिहरुबाट सञ्चालित योजनाको ठेक्का बिलहरुमा लागत अनुमान र वास्तविक कामको मूल्याङ्कनमा बरावर परिमाण र रकम उल्लेख भएको देखिन्छ । लागत अनुमान बरावर नै मूल्याङ्कन भएको देखिएकाले वास्तविक काम कति भएको हो भन्ने सम्बन्धमा आश्वस्त हुन सक्ने अवस्था देखिएन । प्राविधिकले पेश गर्ने कार्य सम्पन्न प्रतिवेदनमा कार्य सम्पन्न गर्नुपर्ने मिति र कार्य सम्पन्न भएको मिति लगायतका इन्जिनियरिङ नर्म्स अनुसार बिलमा खुलाउनुपर्ने तथ्याङ्क उल्लेख गरेको पाईएन । यसले गर्दा कुन काम कहिले सम्पन्न गर्नुपर्ने र तोकिएको अवधिमा सम्पन्न भए नभएको विषयमा यकिन हुन नसकेको हुँदा प्राविधिकले इन्जिनियरिङ नर्म्स अनुसारको उपभोक्ता समितिको बिल बनाउँदा नापजाँचलाई वास्तविक कार्यसम्पादनमा आधारित बनाउनुपर्दछ ।
- आर्थिक सहायता र औषधी उपचारको रकम वितरण गर्दा सो सम्बन्धि कार्यविधि बनाएर मात्र गर्नु पर्नेमा गरेको देखिएन ।
- वडाहरु र नगरका एकै प्रकृतिका योजना तथा कार्यक्रमहरु सञ्चालन गर्दा (कृषि सामान खरिद , सोलार खरिद, फर्निचर खरिद) विभिन्न अनुगमनकारी निकायका निर्देशन परिपत्र र प्रतिवेदन अनुसार एकीकृत प्याकेज बनाई मितव्ययी, प्रतिस्पर्धी र दक्षतापूर्ण ढङ्गबाट कार्यान्वयन गर्नुपर्नेमा सो बमोजिम गरेको देखिएन ।
- स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा (११) अनुसार आफ्नो क्षेत्रभित्रको आधारभूत तथ्याङ्क सङ्कलन, अभिलेखांकन र व्यवस्थापन गर्नुपर्ने सो गरेको पाईएन ।
- पालिकाले एक आर्थिक वर्षको अन्त्य भित्र भएको आफ्नो आर्थिक कारोवारको अनुसुची १४ बमोजिम ढाँचामा वार्षिक प्रतिवेदन तयार गरेको पाईएन ।

- पालिकाले कार्यक्रमगत तथा योजनागत खाता राखेको पाईएन । साथै पालिकाबाट यस वर्ष सञ्चालित कार्यक्रम तथा योजनाको कार्यान्वयन र सेवा प्रवाह समेतको वार्षिक कार्यक्रम अनुसारको प्रगति तयार गरेको पाईएन।
- अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा १७ बमोजिमको मध्यकालीन खर्च संरचना तयार गर्नुपर्नेमा पालिकाले सो बमोजिम मध्यकालीन खर्चको संरचना तयार गरेको पाईएन ।
- विषयगत क्षेत्रमा सञ्चालन हुने कार्यक्रममा बैठक भत्ता, भ्रमण भत्ता, तालिम, गोष्ठीतर्फ बढी केन्द्रीत भई वितरणमुखी रहेको पाईयो।
- पालिकाले जिन्सी सामानको एकीकृत विवरण तथा सहायक जिन्सी खाता अद्यावधिक नगरी वडा कार्यालय तथा विभिन्न संघ संस्थालाई वितरण गरेको पाईयो ।
- वडा कार्यालयमा रहेका जिन्सी सामान सहितको अभिलेख देखिने गरी पालिकाको मूल जिन्सी खाता अद्यावधिक गरेको पाईएन ।
- जिन्सी निरीक्षण प्रतिवेदनमा उल्लेख भए अनुसार विभिन्न मालसामान मर्मत तथा लिलाम गर्नु पर्नेमा गरेको पाईएन ।
- मूल्य अभिवृद्धि कर नियमावली, २०५३ को नियम ६(क) मा ठेक्का सम्झौता र कर भुक्तानीको जानाकारी सम्बन्धित आन्तरिक राजस्व कार्यालयलाई नदिई आर्थिक वर्षको अन्तमा मात्र दिएको देखियो ।
- ठेक्काहरुको विस्तृत विवरण देखिने गरी ठेक्का खाता र कन्टिन्जेन्सी खाता राखेको पाईएन।
- सार्वजनिक खरिद नियमावली, २०६४ को नियम (९७) अनुसार यस वर्ष कार्यसम्पन्न भएका आयोजना तथा कार्यक्रमहरु उपभोक्ता समितिलाई हस्तान्तरण गर्नुपर्नेमा गरेको पाईएन ।
- संस्था दर्ता ऐन, २०३४ को दफा (३) बमोजिम पालिकाबाट सञ्चालन भएका विभिन्न योजनाको निर्माण कार्य गर्न गठन भएका उपभोक्ता समितिहरु ऐनको उक्त व्यवस्था अनुसार मान्यता प्राप्त हुने गरी दर्ता भएको पाइएन ।
- सञ्चालित योजनाको सूचना पाटीमा आयव्यय, अपेक्षित र वास्तविक लाभका साथै उपभोक्ताको योगदान र कार्यसम्पादन लगायतका विषयमा स्पष्ट गरी सरोकारवाला सहितको सार्वजनिक सुनुवाई र सार्वजनिक परीक्षणलाई अनिवार्य गर्नु गराउनु पर्नेमा आंशिक पालना भएको पाइयो ।
- वातावरणको संरक्षणको एकीकृत दीर्घकालीन योजना तयार गरेको देखिएन ।
- पालिकाको विकास निर्माण व्यवस्थापन तथा सेवा प्रवाहका लागि आवश्यक प्राविधिक तथा प्रशासनिक कर्मचारीको अभाव रहेको पाईयो ।
- सुशासन व्यवस्थापन तथा सञ्चालन नियमावली, २०६५ अनुसार नागरीक वडापत्रमा उल्लेखित सेवाहरुको कार्यान्वयन स्थिति अनुगमन गर्न अनुगमन संयन्त्र तयार गरेको पाइएन

तसर्थ, आन्तरिक नियन्त्रण प्रणाली तयार गरी पालिकाको कार्य सञ्चालन तथा व्यवस्थापनलाई प्रभावकारी बनाउनुपर्दछ ।

५ **कडा चट्टानको कार्य -** सडक तथा पुल निर्माण कार्यको लागि विभागबाट स्वीकृत दर विष्लेषण नर्म्स, २०७५ को सि. नं. ९.१(IV)(A) मा Excavation in Hard Rock (blasting prohibited) with rock breakers, including breaking rock बाट कडा चट्टान १६ घ.मी. को परिमाण ब्रेकबाट फुटाउँदा आएको परिमाण योजनामा प्रयोग गरेको भए कम्तिमा त्यसको ५० (पच्चास) प्रतिशत अर्थात ८ घ.मी. परिमाण घटाई बाँकी परिमाणको मात्र

भुक्तानी दिनुपर्ने व्यवस्था छ। पालिकाले यस वर्ष सोलिङ्ग लगायतका कार्यमा कडा चट्टानको प्रयोग गरेको छ। यसरी एकातर्फ कडा चट्टानको पुरै परिमाणको भुक्तानी हुने तथा अर्को तर्फ सोही चट्टान अन्यत्र सोलिङ्ग लगायतका कार्यमा प्रयोग हुदा सोलिङ्ग लगायतको कार्यको भुक्तानी हुदा सोलिङ्ग कार्यको दररेट विश्लेषणमा ढुङ्गाको परिमाण शुन्य अर्थात ढुङगाको परिमाण घटाई भुक्तानी दिनुपर्नेमा पुरै रकम भुक्तानी दिएको छ। यस सम्बन्धमा पालिकाबाट यस वर्ष कडा चट्टानको कार्यको के कति परिमाणमा भुक्तानी भएको हो ? तथा सो कडा चट्टान के कति अन्यत्र परिमाणमा अन्यत्र योजनामा सोलिङ्ग लगायतका कार्यमा सोलिङ्ग कार्य गर्दा भुक्तानी भएको हो ? सो सम्बन्धमा पालिकाबाट विवरण माग गरेकोमा पेश भएन। यस सम्बन्धमा छानवीन हुनुपर्दछ।

६ **जिन्सी निरीक्षण प्रतिवेदनको कार्यान्वयन -** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम (९९) मा सोही नियमावलीको नियम (९४), (९५) र (९६) बमोजिम जिन्सी मालसामानको लगत खडा गरी राख्नुपर्ने, सोको निरीक्षण गरी प्रतिवेदन तयार गर्नुपर्ने, प्रतिवेदनमा उल्लेखित सामान मध्ये मर्मत गर्नुपर्ने सामान ३ महिना भित्र र लिलाम गर्नुपर्ने सामान ६ महिना भित्र लिलाम गरी सक्नु पर्ने व्यवस्था छ। महालेखा नियन्त्रक कार्यालयले २०७७।८।७ मा २०७७।९।७ भित्र सवै तहका कार्यालयहरुलाइ २०७६।७७ सम्मको मौज्दात प्रबिष्टि र जिन्सी निरीक्षण फारम अनिवार्य रुपमा (PAMS) मा प्रविष्ट गर्ने र अनिवार्य रुपमा (PAMS) मा सरकारी सम्पत्तिको लेखाङ्कन गर्न परिपत्र गरेको छ। यस सम्बन्धमा देखिएका व्यहोराहरु निम्नानुसार छन्ः-

- कार्यालयले गत विगत वर्षको मौज्दात रहेका र यस वर्ष खरिद भएका समानहरुको Public Asset Management System (PAMS) मा प्रविष्टी गर्नुपर्नेमा सो गरेको पाइएन । कार्यालयले सामान खरिद गर्दा हालसम्म Manual दाखिला गरेको छ। अनिवार्य रुपमा PAMS मा जिन्सी दाखिला गरि जिन्सी प्रतिवेदन तयार गर्नुपर्दछ।
- यस पालिका अन्तर्गतका साविक गाउँ विकास समितिबाट भएका सम्पत्ति हस्तान्तरण सम्बन्धमा अभिलेख अद्यावधिक गरेको छैन।
- नियमावलीको व्यवस्था अनुसार जिन्सी निरीक्षण गराई सोको आधारमा मर्मत सम्भार, लिलामी लगायतका कार्य गरी जिन्सी व्यवस्थापन गर्नुपर्दछ। जिन्सी निरीक्षण प्रतिवेदनमा उल्लेख भएका सामानहरुको मर्मत तथा लिलाम गरी जिन्सी अध्यावधिक गर्नुपर्दछ।

७ **सामाजिक सुरक्षा** - सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि,२०७७ को परिच्छेद ५ मा सामाजिक सुरक्षा भत्ता वितरण बैङ्कमार्फत गर्नुपर्ने व्यवस्था छ। कार्यविधिको दफा (२६) मा कुनै आर्थिक वर्षमा सामाजिक सुरक्षा कार्यक्रमका लागि निकासा भएको रकम सो आर्थिक वर्षमा खर्च नभए सङ्घीय सञ्चित कोषमा फिर्ता गर्नुपर्ने व्यवस्था छ। यस पालिकाले निम्नानुसार एउटा वटा बैङ्कमार्फत सामाजिक सुरक्षा भत्ता वितरण गर्दै आएको देखिन्छ। लेखापरीक्षणको क्रममा सम्बन्धित बैङ्कहरुमा सामाजिक सुरक्षा भत्ता वितरणको सूचना लिँदा बैङ्कलाई निकासा भएको रु. ३,८२,६८,५६२।०० मध्ये रु.३,८०,७५,५१४।०० खर्च भई रु.१,९३,०४८।०० बैङ्कमा बाँकी रहेको देखिन्छ। सामाजिक सुरक्षा भत्ता वितरण गरेर बाँकी रहेको रकम रु.१९३०४८ सङ्घीय सञ्चित कोषमा मिति २०८०/५/२९ फिर्ता गरेको छ।

८ **कर तथा शुल्क असुली -** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा (५५), (५७), (५८) र (५९) मा एकीकृत सम्पत्ति कर र घरजग्गा कर, घरजग्गा वहाल कर, व्यवसाय कर र वहाल विरौटी शुल्क उठाउने व्यवस्था रहेको छ। ती आय शीर्षकमा आय अनुमान र असुली स्थिति निम्नानुसार रहेको देखिन्छ।

| आय शीर्षक | अनुमान | असुली | असुली प्रतिशत |
|---|---|---|---|
| एकीकृत सम्पत्ति कर र घरजग्गा कर | ४००००० | ३४१२३१ | ८५ |
| घरजग्गा वहाल कर | ० | ७०००० | |
| व्यवसाय कर | १२५००० | ४२५००० | ३४ |
| वहाल विरौटी शुल्क | छैन | | |

पालिकाभित्र रहेका करदाताहरुको अभिलेख व्यवस्थित नरहेको एवं बुझाउन ल्याएको अवस्थामा मात्र कर एवं शुल्क बुझ्ने परिपाटी रहेकोले उल्लिखित असुली यथार्थ मान्न सक्ने अवस्था देखिएन । तसर्थ आफ्नो क्षेत्रभित्र करदाताको अभिलेख अद्यावधिक गरी करको दायरामा ल्याउनु पर्दछ।

९ **फोहरमैला व्यवस्थापन -** फोहरमैला व्यवस्थापन — फोहरमैला व्यवस्थापन ऐन, २०६८ अनुसार स्थानीय तहहरुले स्रोतमै फोहरमैलाको वर्गीकरण गर्न लगाई सोही अनुसार सङ्कलन र व्यवस्थापन गर्ने कार्यको शुरुवात गर्न नसकेको कारण फोहरमैला व्यवस्थापनमा जटिलता देखिएको छ । फोहर उत्सर्जन हुने स्रोतमा नै वर्गीकरण गरी कुहिने, नकुहिने, सिसाजन्य, अस्पतालबाट उत्पादित र इ-वेष्ट लगायतका फोहर वर्गीकरण गरी उपयुक्त व्यवस्थापन गरेको देखिएन। फोहरमैलाको उचित व्यवस्थापन गरी पालिकाको पर्यावरणलाई स्वच्छ राख्नुपर्दछ ।

१० **सहकारी नियमन** - सहकारी ऐन, २०७४ को दफा ७३ अनुसार मासिक, चौमासिक, वार्षिक प्रतिवेदन बुझाउनु पर्ने र सहकारी नियमावली, २०७५ को नियम २८(४) सहकारी संस्थाहरुको सुपरीवेक्षण, निरीक्षण तथा अनुगमन निर्देशिका, २०७८ को दफा ३ मा मासिक प्रतिवेदन प्रत्येक महिना ७ गते भित्र एकीकृत सूचना व्यवस्थापन प्रणाली (COPOMIS) दाखिला गर्नुपर्ने व्यवस्था छ। पालिकाले उपलव्ध गराएको विवरणअनुसार पालिका भित्र १५ वटा सहकारी संस्था रहेका छन्। पालिका भित्रका सहकारी संस्थाहरुले एकीकृत सूचना व्यवस्थापन प्रणाली (COPOMIS) बाट विवरण दाखिला गरेको पाइएन। त्यसैगरी, पालिकाबाट अनुगमन निरीक्षण गरी तयार गरिएको प्रतिवेदन समेत लेखापरीक्षणका क्रममा पेश भएन। जसले गर्दा सहकारीको सञ्चालन अवस्था बारे अध्ययन गर्न सकिएन। तसर्थ ऐन, नियमावली र निर्देशिका अनुसार प्रणालीमा विवरण दाखिला गर्न लगाई सोको प्रभावकारी अनुगमन गर्नु पर्दछ।

११ **कानून र सञ्चालन स्थिति -** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा (१०२) अनुसार स्थानीय तहहरुले आफ्नो अधिकारक्षेत्र भित्रका विषयमा ऐन तथा सोको अधिनमा रही नियम निर्देशिका, कार्यविधि र मापदण्ड बनाई कार्यान्वयनमा ल्याउन सक्ने व्यवस्था छ। जसअनुसार स्थानीय तह सञ्चालनको लागि ७ वटा ऐन, ३ वटा नियमावली, २२ कार्यविधि लगायत ३२ वटा वटा कानुन निर्माण गरी कार्यान्यनमा ल्याएको छ।

१२ **सार्वजनिक परीक्षण -** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा (७८) वमोजिम स्थानीय तहले सार्वजनिक सेवा प्रवाहलाई प्रभावकारी, दिगो र भरपर्दो वनाउन कार्यक्रमको सामाजिक परीक्षण अन्तर्गत सार्वजनिक परीक्षण र सार्वजनिक सुनुवाई गर्नुपर्ने व्यवस्था बमोजिमको कार्य भएको पाइएन । तोकिए बमोजिम सार्वजनिक परीक्षण गरी पालिकाबाट हुने आर्थिक कारोबारमा जवाफदेहिता र पारदर्शिताको प्रवर्द्धन गर्नुपर्दछ।

१३ **व्यवसाय कर** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा (५८) मा पालिकाले आफ्नो कार्यक्षेत्र भित्र रहेका विभिन्न व्यवसाय गर्ने व्यक्तिबाट व्यवसाय कर उठाउनुपर्ने व्यवस्था रहेको छ। यस वर्ष पालिकाले व्यवसाय दर्ता तथा नवीकरण शुल्क वापत रु. ४२५०० कर सङ्कलन गरेकोमा पालिकाको क्षेत्रभित्र रहेका व्यवसायीहरुको अभिलेख अद्यावधिक गरेको देखिएन।

१४ **आवधिक योजना** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा (७१) बमोजिम पालिकाले आफ्नो अधिकार क्षेत्रभित्रको विकासका लागि आवधिक योजना बनाई लागू गर्नुपर्ने व्यवस्था छ। यस पालिकाले आवधिक योजना तयार गरेको छैन। आवधिक योजना नहुँदा पालिकाले वार्षिक बजेट तथा कार्यक्रम तयार गर्दा आवधिक योजनाका दीर्घकालीन विषयलाई भन्दा सालवसाली विषयहरुलाई समावेश गरेको देखिन्छ। स्थानीय तहको समग्र विकासका लागि आवधिक योजना तर्जुमा गरी कार्यान्वयन गर्नुपर्दछ।

१५ **स्थानीय तथ्याङ्क, अभिलेख तथा स्रोत नक्साङ्कन -** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा (११) बमोजिम स्थानीयतहले आफ्नो क्षेत्रभित्रको आधारभुत तथ्याङ्क सङ्कलन, अभिलेख र सोको व्यवस्थापन गर्नुपर्ने तथा आफ्नो क्षेत्रभित्रको शैक्षिक, भौगोलिक अवस्था, प्राकृतिक स्रोत अन्तर्गत खानी, जंगल तथा अन्य स्रोत, पूर्वाधार अन्तर्गत सडक, पुल, खानेपानी लगायतको अभिलेख तथा श्रोत नक्साङ्कनसहितको पालिकाको प्रोफाइल तयार गर्नुपर्ने व्यवस्था छ । पालिकाले स्थानीय तथ्याङ्क सम्बन्धी नीति, कानून र सोको मापदण्ड बनाएको तथा स्रोत नक्साङ्कन गरेको देखिएन। स्थानीय तहका प्राथमिकीकरणका क्रियाकलाप सञ्चालनमा तथ्याङ्कले महत्वपूर्ण भुमिका खेल्ने हुँदा सोको सङ्कलन र अभिलेख राख्ने कार्य गर्नुपर्दछ ।

१६ **विद्यालय भौतिक पूर्वाधार निर्माण** - विद्यालय भौतिक पूर्वाधार निर्माण- शिक्षा तथा मानव श्रोत विकास केन्द्रले प्रकाशन गरेको कार्यक्रम कार्यान्वयन पुस्तिका २०७९।८० को क्रियाकलाप नं ११.१.२.१ मा प्रत्येक स्थानीय तहले विद्यालय भौतिक पूर्वाधार कार्यक्रमहरु कार्यान्वयन गर्दा सम्पूर्ण निर्माण कार्य नेपाल राष्ट्रिय भवन संहिता, २०६० अनुसार गर्नु गराउनु पर्ने, स्थानीय तह अन्तर्गतका विद्यालयमा हुने भौतिक निर्माणका कार्यहरु स्थानीय तहले आफ्नो प्राविधिक मार्फत सुपरीवेक्षण गराउने र कार्यसम्पादन प्रतिवेदन तयार गर्नुपर्ने व्यवस्था छ । साथै, राष्ट्रपति शैक्षिक सुधार कार्यक्रम कार्यान्वयनका लागि शिक्षा तथा मानव श्रोत विकास केन्द्रद्वारा प्राप्त कार्यक्रम अनुरुप तोकिएको डिजाइन ड्रइङ तथा लागत अनुमान अनुसार २ कोठे तथा ४ कोठे भवन निर्माण गर्नुपर्ने व्यवस्था छ । उक्त कार्यक्रमका लागि ३ विद्यालयलाई रु.१,००,००,००० निकासा भएकोमा विद्यालय निर्माणसँग सम्बन्धित कागजात सम्बन्धित विद्यालयहरुले पालिकामा पेश गरेका देखियो ।

१७ **आय अनुमान -** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा (६६) बमोजिम स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समितिले पालिकामा प्राप्त हुने आन्तरिक आयको व्यवस्थापन गर्न सक्ने व्यवस्था छ। पालिकाले पेश गरेको आय-व्ययको अनुमानमा आन्तरिक आयतर्फ मालपोत, कर, सेवा शुल्क, दस्तुर वापत अनुमानित रु. १२,००,०००।०० प्राप्त हुने प्रक्षेपण गरेकोमा आर्थिक वर्ष २०७९।८० मा रु.१६,१९,२८५.४० अर्थात अनुमान भन्दा ३४.९४ प्रतिशत बढी आय प्राप्त गरेको छ। आम्दानीका अन्य स्रोतको पहिचान गरी आयको अनुमान यर्थाथपरक बनाई आय आर्जन बृद्धि गर्नेतर्फ विशेष ध्यान दिनुपर्दछ।

१८ **आन्तरिक आय -** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा (६६) बमोजिम स्रोत अनुमान तथा वजेट सीमा निर्धारण समितिले पालिकामा प्राप्त हुने आन्तरिक आय समेतको व्यवस्थापन गर्न सक्ने व्यवस्था छ।

पालिकाले आर्थिक वर्ष २०७९।८० मा केन्द्रीय अनुदानबाट गरेको खर्चका तुलनामा आन्तरिक आयको स्थिति देहाय बमोजिम छ।

| केन्द्रीय अनुदानबाट खर्च | आन्तरिक आय | आन्तरिक आय प्रतिशत |
|---|---|---|
| ३०४५६१५८३ | १६१९२८५.४० | ०.५३ |

१९ **औषधि खरिद -** पालिकाकालाई आवश्यक पर्ने औषधि पालिकाबाट खरिद गर्नुपर्ने र तालुक निकायबाट प्राप्त हुने परिमाण यकिन गरी वार्षिक आवश्यकताको परिणाम विवरण तयार गरी पुल सिस्टमको आधारमा आपूर्ति व्यवस्थापन गर्नु पर्दछ। आपूर्ति हुने औषधी वा अन्य सामानमा उत्पादन मिति, म्याद सकिने मिति, ब्याच नं., उत्पादक कम्पनीको नाम र निःशुल्क वितरणको लागि लगायतका सूचना उल्लेख रहेको हुनुपर्दछ। आपूर्ति भएका औषधिको म्याद सकिने मिति भण्डार दाखिला समयदेखि कम्तीमा १८ महिना बाँकी हुनुपर्ने तथा भण्डारमा दाखिला गर्दा समेत उल्लेखित सबै विवरण खुलाउनुपर्दछ। पालिकाले यसवर्ष विभिन्न फर्महरुसँग रु.२१,१३,२४२।०० को औषधि खरिद गरेको देखिन्छ। आपूर्ति हुने औषधी तथा औषधिजन्य सामाग्रीमा उल्लेखित सूचना पूर्ण रुपमा रहेको छैन भने औषधिको प्रयोग र मौज्दात समेत यकिन भएन। अतः पालिकाले औषधि खरिद, उपयोग र मौज्दातको अवस्था यकिन गरी औषधि खरिदलाई व्यवस्थित बनाउनुपर्दछ।

२० **राजश्व अभिलेख -** कार्यालयले राजस्वको अभिलेख अध्यावधिक गरी सोको लेखापरीक्षण गराउने जिम्मेवारी कार्यालय प्रमुखको हुने व्यवस्था रहेको छ। पालिकाबाट रसिद ठेलिहरु छपाई गरेर वडा कार्यालयमा पठाउने गरेकोमा सोको पुरा अभिलेख पालिकामा आएको देखिएन। अधिल्लो आ.व.को बाँकी के कति छन एकिन गर्न सकिएन। कार्यालयबाट सवै वडाहरुमा पनि स्वचालित प्रणाली जडान गरी राजस्व सङ्कलन गर्ने तर्फ कार्यालयको ध्यान जानुपर्दछ। यसले गर्दा व्यक्तिहरुले छुट्टै रसिद छपाउने जोखिम विद्यमान रहन्छ। यस सम्बन्धमा तहाँ कार्यालयबाट छानविन हुनुपर्दछ । अतः कार्यलयले आगामी दिनमा रसिद नियन्त्रण तथा राजश्व असुलीलाई स्वचालित प्रणाली मार्फत व्यवस्थापन गर्नुपर्ने सम्बन्धमा विशेष ध्यान पुर्याउनुपर्ने देखिन्छ।

२१ **बजेट सीमा निर्धारण समिति -** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६(१) बमोजिम पालिकामा प्राप्त हुने आन्तरिक आय, राजश्व बाँडफाँडबाट प्राप्त हुने रकम, अनुदान, ऋण र अन्य आयको प्रक्षेपण तथा सोको सन्तुलित वितरणको खाका र बजेट सीमा निर्धारण गर्न ७ सदस्यीय स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समिति गठनको व्यवस्था छ। उक्त समितिले आयको प्रक्षेपण, साधनको सन्तुलित वितरणको खाका, बजेटको कुल सीमा, बजेटको क्षेत्रगत सीमा निर्धारण, बजेट तथा कार्यक्रमको प्राथमिकिकरण, विषयक्षेत्रगत बजेट तर्जुमा मार्गदर्शन तय गर्नुपर्ने जस्ता कार्यहरु फाल्गुण महिनाभित्र सम्पन्न गरी सक्नुपर्ने र बजेट प्रक्षेपण गर्दा बजेट वर्षपछिको थप दुई वर्षको समेत प्रक्षेपण तयार गर्नुका साथै तयार भएको आगामी आर्थिक वर्षको बजेट सीमा प्रमुख प्रशासकीय अधिकृतले चैत्र १५ गतेभित्र पालिकाका विषयगत शाखा तथा वडा समितिलाई उपलब्ध गराउनुपर्ने कानुनी व्यवस्था रहेकोमा पालिकाले समितिको गठन गरेको छैन । ऐनमा व्यवस्था भएअनुसार बजेट सीमा लगायत क्षेत्रगत विषय समेटी बजेट प्रक्षेपण सम्बन्धी नियम तथा कार्यविधि तर्जुमा एवं सोको पालनामा सम्बन्धित पदाधिकारीको ध्यान जानुपर्दछ।

२२ **लक्ष्य प्रगति -** कार्यालयले त्रैमासिक तथा वार्षिक प्रगति विवरण बनाई पेश गर्नुपर्ने व्यवस्था छ। कार्यालयले सञ्चालन गरेका स्थानीय स्तर, जिल्ला तथा केन्द्रीय स्तरका योजनाको नियम बमोजिमको ढाँचामा त्रैमासिक प्रगति

विवरण तयार गरेको देखिएन। बजेट खर्च गर्ने तथा खर्चको तोकिएको ढाँचामा वार्षिक प्रगति तयार नगर्ने प्रमुख प्रशासकीय अधिकृतलाई जिम्मेवार बनाउनुपर्दछ।

| कार्यक्रम/योजना | कुल कार्यक्रम | वार्षिक प्रगति स्थिति | | | |
|---|---|---|---|---|---|
| | | शून्य प्रगति | २५प्रतिशतसम्म प्रगति | ५० प्रतिशत सम्म प्रगति | ७५ प्रतिशत सम्म प्रगति |
| **कार्यक्रम संख्या** | १३२ | ८ | ० | ० | १२४ योजना सम्पन्न |

२३ **बजेट तथा कार्यक्रम तर्जुमा** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६७ (१) मा ४ सदस्यीय बजेट तथा कार्यक्रम तर्जुमा समिति गठन गरी आगामी वर्षको नीति तथा कार्यक्रम, बजेट तथा कार्यक्रम, कार्यक्रमको प्राथमिकीकरण, विषय क्षेत्रगत कार्यक्रम, योजना तथा कार्यक्रममा दोहोरोपना हुन नदिई आपसी तादाम्यता तथा परिपूरकता कायम गर्नुपर्ने व्यवस्था अनुसार समिति गठन गरेको भएता पनि आगामी आर्थिक वर्षको नीति तथा कार्यक्रम, कार्यक्रमको प्राथमिकीकरण, कार्यक्रमबीच परिपूरकता कायम गरेको समेत नदेखिएकाले बजेट तर्जुमा गर्दा ऐनमा भएको व्यवस्थाको परिपालनामा ध्यान दिनुपर्दछ।

२४ **बजेट पेश, पारित र अख्तियारी** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा (७१) मा स्थानीय तहले आगामी आर्थिक वर्षको राजस्व र व्ययको अनुमान कार्यपालिकाबाट स्वीकृत गराई असार १० गते भित्र पेश गर्ने र यसरी पेश भएको बजेट छलफल गरी असार मसान्तभित्र सभाबाट पारित गर्नुपर्ने व्यवस्था छ । सोही ऐनको दफा (७३) मा सभाबाट बजेट स्वीकृत भएको ७ दिन भित्र स्थानीय तहका प्रमुखले प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गर्नुपर्ने व्यवस्था छ। यस पालिकाको उपप्रमुखले मिति २०७९।०३।१० मा रु. ३२ करोड ०३ लाख १५ हजार १ सय ६२ रूपैयाँ ४९ पैसाको बजेट सभा समक्ष पेश गरेकोमा सभाबाट मिति २०७९।०३।२६ मा पारित भएको छ। यसैगरी स्थानीय तहका प्रमुखले मिति २०७९।०४।०९ मा प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गरेको देखिन्छ। आर्थिक वर्ष भित्र सम्पन्न गरिसक्ने गरी बजेट, कार्यक्रम र योजना व्यवस्थापन गर्नुपर्दछ।

२५ **स्यानिटरी प्याड** - स्यानिटरी प्याड (वितरण तथा व्यवस्थापन) कार्यविधि,२०७६ को दफा (४) मा पालिकाले खरिद गरेको स्यानिटरी प्याड गुणस्तरमा कमी नआउने गरी भण्डारण गर्नुपर्ने उल्लेख छ। त्यस्तै, दफा ५ मा स्यानिटरी प्याड त्रैमासिक, चौमासिक वा अर्धवार्षिक रुपमा वितरण गर्न सकिने उल्लेख छ। पालिकाका भित्रका सामुदायिक विद्यालयहरुमा कक्षा ६ भन्दा माथिका छात्रा विद्यार्थीहरु ४३३ जना रहेका छन। पालिकाले अंकुर डाइग्नोष्टीक एण्ड सर्जीकल सेन्टर बाट ६१०० थान स्यानिटरी प्याड रु.४,४६,१५३।०० (मु अ कर समेत) मा खरिद गरेको छ। पालिकाले गत विगतको खपतलाई आधार मानी समयमै उचित परिमाणमा खरिद गर्नुपर्नेमा वर्षान्तमा खरिद गरेको र हाल ती समान विधालयकमा पठाएको छ। तसर्थ, पालिकाले आवश्यकताको पहिचान गरी आवश्यक परिमाणमा मात्र प्याड खरिद गर्नुपर्दछ।

२६ **म्याद ननाघेको पेश्की** - आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम (५२) मा पेश्की रकमको विवरण तयार गरी म्याद नाघेको र म्याद ननाघेको छुट्टाछुट्टै अभिलेख राखी एकीकृत लगत तयार गर्नु पर्ने व्यवस्था छ। पालिकाले यस वर्षसम्म ठेक्का नं. ०१-२०७७/७८ को कीकृत स्वास्थ्य केन्द्र कार्यक्रम

अन्तर्गत १५ शैयाको अस्पताल भवन निर्माण गर्न स्काई सगरमाथा जेभीलाई रु. १,२०,००,०००।०० पेश्की दिएको छ। पेश्कीको आर्थिक वर्षको अन्तसम्म म्याद ननाघेतापनि सोको अभिलेख व्यवस्थित गरी फस्र्यौट तथा गत विगतका पेश्कीको समेत एकिकृत हिसाव कायम गर्नुपर्दछ ।

२७ **योजना प्राथमिकीकरण -** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा (२४) मा स्थानीय तहले आवधिक योजना बनाई लागु गर्नुपर्ने व्यवस्था छ। स्थानीय तहले योजना तथा बजेट तर्जुमा दिग्दर्शन, २०७४ को दफा ५.२.४ सँग सम्बन्धित अनुसूची ३ मा आयोजना प्राथमिकीकरणका आधारहरू गरिवी निवारण, उत्पादनमूलक, रोजगारी, लागत सहभागिता, स्थानीय स्रोत र साधन, समावेशी विकास, दिगो र वातावरण संरक्षण र भाषिक र सांस्कृतिक विकास उल्लेख गरेको छ र सोही अनुसार गणना गरी प्राथमिकताका आधारमा योजना छनौट गर्नु पर्ने व्यवस्था छ। तर पालिकाले आर्थिक वर्ष २०७९।८० मा निम्नअनुसार ६ वडाको लागि वडागत र पालिकास्तरका कुल १२४ योजनामा वजेट विनियोजन गरेको छ।

| क्र. सं. | कार्यक्रमको नाम | योजना सङ्ख्या | रु. २० लाखमाथिका योजना सङ्ख्या | रु. ५ लाखदेखि २० लाखसम्मका योजना सङ्ख्या | रु. ५लाखभन्दा कमका योजना सङ्ख्या |
|---|---|---|---|---|---|
| १. | पालिकास्तरीय | ६२ | ६ | २० | ३६ |
| २. | वडास्तरीय | ७० | ० | ० | ७० |

उपर्युक्त विवरण अनुसार पालिकाले साना र वितरणमुखी योजनाहरु सञ्चालन गरेको देखिन्छ। जसले गर्दा सञ्चालित योजनावाट दीर्घकालीन प्रतिफल प्राप्त नहुनका साथै चालु प्रकृतिका खर्चमा बृद्धि भै लागत प्रभावी नहुने तथा निर्माण कार्यको गुणस्तरमा समेत प्रश्न उठ्ने गरेको छ।त्यसैगरी यो वर्ष सभाले पारित गरेका उल्लिखित योजना मध्ये १२४ योजनामात्र कार्यान्वयन भई ८ योजना कार्यान्वयन हुन सकेको देखिएन। तसर्थ पालिकाले योजना वस्तुनिष्ठ तवरले प्राथमिकीकरण र छनौट गरी प्रभावकारी कार्यान्वयन गर्नुपर्दछ।

२८ **वार्षिक खरिद योजना/गुरुयोजना -** सार्वजनिक खरिद ऐन, २०६३ मा सार्वजनिक निकायले तोकेको सीमाभन्दा बढी रकमको खरिद गर्दा तोकिए बमोजिमको खरिद गुरुयोजना र वार्षिक खरिद योजना तयार गर्नुपर्ने व्यवस्था छ । त्यस्तै, सार्वजनिक खरिद नियमावली, २०६४ को नियम (७) ले वार्षिक १० करोडभन्दा बढीको खरिद गर्दा गुरुयोजना तयार गर्नुपर्ने नियम (८) ले वार्षिक १० लाखभन्दा बढीको खरिद गर्दा वार्षिक खारिद योजना बनाउनुपर्ने व्यवस्था छ । पालिकाले विभिन्न शीर्षक अन्तर्गत वार्षिक रु. ९,५७,३५,५४३।०० पूँजीगत खर्च गरेको छ। पालिकाले उल्लेखित नियमावली अनुसार वार्षिक खरिद योजना बनाएको छैन।अतः पालिकाले नियमावली बमोजिमको खरिद गुरुयोजना र वार्षिक खरिद योजना बनाउनुपर्दछ।

२९ **क्षेत्रगत बजेट र खर्चको स्थिति** -स्थानीय तहको एकीकृत, समानुपातिक र दिगो विकासका क्षेत्रगत रुपमा समानुपातिक बजेट विनियोजन गरी खर्च गर्नुपर्ने हुन्छ ।यस पालिकाको २०७९।८० को क्षेत्रगत बजेट र खर्चको स्थिति देहायअनुसार रहेको देखिन्छ ।

| क्र.स. | क्षेत्र | बजेट | खर्च | खर्च प्रतिशत |
|---|---|---|---|---|

| | | | | |
|---|---|---|---|---|
| १ | आर्थिक विकास | २१३४९५३६ | १३९९३३६६ | ४.५६ |
| २ | पूर्वाधार विकास | ८४५०२१६३ | ७२७८३४८८ | २३.८८ |
| ३ | सामाजिक विकास | १०८६६२१८९ | १०६८४२६४९ | ३६.०७ |
| ४ | बातावरण तथा विकास | ० | ० | |
| ५ | संस्थागत विकास, सेवा प्रवाह र सुशासन | २४११८००० | १५५५६०११ | ५.१० |
| ६ | अन्य कार्यालय सञ्चालन तथा प्रशासनिक | १०८०६१२७४ | ९५३८६०६९ | ३०.३९ |
| **जम्मा** | | **३४६६९३१६२** | **३०४५६१५८३** | **१००** |

उपर्युक्त विवरण अनुसार सभाले खर्च गरेको बजेट मध्ये सामाजिक विकासमा सबैभन्दा बढी ३६.०७ प्रतिशत र आर्थिक विकासमा सबै भन्दा घटीमा ४.५६ प्रतिशत रहेको छ ।

३० **खर्च बिश्लेषण** - पालिकाले यसवर्ष कुल आन्तरीक आयबाट रु.१६,१९,२८५.०० राजस्व बाँडफाँड र अनुदानबाट रु.२९,६५,९६,५९०.०० समेत रु.२९,८२,१५,८७५.०० आम्दानी भएकोमा चालु तर्फ रु. २०,८८,२६,०४०.२८ र पूँजीगत तर्फ रु.९,५७,३५,५४३.०० खर्च भएको छ।खर्च मध्ये आन्तरिक आयको हिस्सा ०.५४ प्रतिशत रहेको छ।यसवर्ष पदाधिकारी सुबिधामा रु. ४८,१२,०००.०० खर्च भएको छ ।जुन आन्तरिक आयको २००.९ प्रतिशत रहेको छ।पालिकालाई प्राप्त भएको सबै अनुदान र राजस्व बाँडफाँडको रकमबाट ६७.८ प्रतिशत चालु र ३२.१ प्रतिशत मात्र पुँजीगत निर्माणमा खर्च भएको देखिन्छ।यसबाट पालिकाले विकास निर्माण कार्यक्रम सञ्चालनमा न्युन खर्च गरी प्रशासनिक कार्यमा बढी खर्च गरेको देखिन्छ।प्रशासनिक खर्च नियन्त्रण गर्दै प्राप्त अनुदान र राजस्व बाँडफाँडको रकम अधिकरुपमा विकास निर्माणमा परिचालन गरिनुपर्दछ ।

३१ **प्रधानमन्त्री रोजगार कार्यक्रम -** स्थानीय तहमा सूचीकृत बेरोजगार व्यक्तिलाई न्यूनतम रोजगारीको प्रत्याभूत गराउन एवम् सामूदायिक पूर्वाधारहरुको विकास मार्फत नागरिकको जीवनयापनमा सुधार ल्याउने उद्देश्यले स्थानीय तह भित्र प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालनमा रहेको छ । यो कार्यक्रम व्यवस्थित रुपमा सञ्चालनका लागि प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालन निर्देशिका, २०७५ तयार गरेको छ । यस कार्यक्रम अन्तर्गत पालिका अन्तर्गतका ५ वडामा ५ योजना सञ्चालन गरी यस वर्ष ५२ जनालाई औसत १०० दिनले ५७७ दिन रोजगारी उपलव्ध गराई रु. ३०,००,४०० श्रमिक ज्याला खर्च गरेको छ। पालिकाका नियमित योजना र प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गतका योजना छनौट गर्दा योजना छनौटको आधार नखुलाएकोले दोहोरो परे नपरेको सम्बन्धमा स्पष्ट हुन सकिएन। योजनामा दोहोरो नहुने गरी योजना छनौट गरी कार्यान्वयन गर्नुपर्दछ। उक्त खर्चवाट लक्षित वर्गमा अल्पकालीन रोजगारी सृजना भए तापनि कामको दीगोपना तथा दीर्घकालीन रोजगारी सिर्जना भएको देखिंदैन । तसर्थ, कार्यक्रम सञ्चालन निर्देशिका बमोजिम व्यवस्थित तवरले कार्य सञ्चालन गर्नुपर्दछ।

३२ **प्रशासकीय संगठन र जनशक्ति व्यवस्थापन -** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा (८३) बमोजिम स्थानीय तहको कार्यबोझ, राजस्व क्षमता, खर्चको आकार र स्थानीय आवश्यकता समेतलाई ध्यानमा राखी कर्मचारी समायोजन भएपछि मात्र संगठन तथा व्यवस्थापन सर्वेक्षणका आधारमा स्थानीय तहमा संगठन संरचना कायम हुने

व्यवस्था छ । पालिकामा प्रमुख प्रशासकीय अधिकृत सहित ३१ दरबन्दी स्वीकृत रहेकोमा लेखापरीक्षण अवधि सम्म प्रमुख प्रशासकीय अधिकृत सहित १९ जना पदपूर्ति भएको देखिन्छ। लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार कार्य व्यवस्थापनका दृष्टिकोणले महत्वपूर्ण मानिएका प्रशासकीय अधिकृत, ईन्जीनियर, जनस्वास्थ्य अधिकृत सहित १२ पदहरु रिक्त रहेका छन् । दरबन्दी बमोजिम जनशक्तिको पूर्णता नहुँदा विषयगत कार्यक्रम सञ्चालन, सेवा प्रवाह तथा पालिकाको समग्र कार्य सम्पादनमा असर परेको स्थिति छ । तसर्थ, रिक्त पदहरु यथाशक्य छिटो पूर्ति गरी सेवा प्रवाह प्रभावकारी बनाउनुपर्दछ।

३३ **तलवी प्रतिवेदन -** निजामती सेवा ऐन २०४९, स्वास्थ्य सेवा ऐन, २०५३ तथा स्थानीय सरकार सञ्चालन ऐन, २०७४, शिक्षा ऐन, २०२८ मा तलवी प्रतिवेदन पारित गराएर मात्र तलब खर्च लेख्नु पर्ने व्यवस्था छ। पालिकाले यो वर्ष तलवी प्रतिवेदन पारित नगराई सङ्घीय सरकारबाट हस्तान्तरित चालु अन्तर्गत स्वास्थ्य तर्फ कर्मचारीको रु.१७,०१,०६८।०० खर्च लेखेको छ।

३४ **सार्वजनिक सेवा प्रवाहको विवरण -** गाउँपालिकाले आ.व. २०७९/८० मा सम्पादन गरेको सेवा प्रवाहको स्थिति झल्कने गरी प्रगति विवरण तयार गरी पेश नगरेकोले सम्पादित सेवाको समग्र विवरण प्राप्त गर्न सकिएन। लेखापरीक्षणको क्रममा कार्यालयबाट प्राप्त विवरण अनुसार यस वर्ष पालिकाबाट निम्न अनुसार सेवा प्रवाह भएको देखिन्छ।

| सि.नं. | विवरण | सेवा प्राप्तिका लागि निवेदन पेश गरेको संख्या | सिफारिस संख्या | कैफियत |
|---|---|---|---|---|
| १ | नागरिकता सिफारिस | २५५ | २५५ | |
| २ | घरबाटो सिफारिस | ४१ | ४१ | |
| ३ | नाता प्रमाणित | १६० | १६० | |
| ४ | जन्म, मृत्यु दर्ता | ३३१ | ३३१ | |
| ५ | अन्य | ११४२ | ११४२ | |
| **जम्मा** | | **१९२९** | **१९२९** | |

३५ **त्रैमासिक पुँजीगत खर्च -** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम (३५) बमोजिम बजेट तथा कार्यक्रम कार्यान्वयन गर्ने कार्यालयले त्रैमासिक प्रगति विवरण वनाई कार्यसम्पादन गर्नुपर्ने व्यवस्था छ । पालकाले उपलब्ध गराएको विवरण अनुसार प्रथम त्रैमासिकमा ०.४१ प्रतिशत, दोस्रो त्रैमासिकमा ७.४ प्रतिशत, तेस्रो त्रैमासिकमा १३.६४ प्रतिशत तथा चौथो त्रैमासिकमा ४९.५९ प्रतिशत र आषाढ महिनाको खर्च २८.९३ प्रतिशतसम्म खर्च गरेको देखियो । यसरी आर्थिक वर्षको प्रथम, दोस्रो र तस्रो त्रैमासिकमा न्यून खर्च गर्ने र चौथो त्रैमासिकमा मात्रै कुल खर्चको ४९.५९ प्रतिशत आर्थिक वर्षको अन्ततिर मात्र अधिक खर्च गरी योजना सञ्चालन गर्दा गुणस्तर तथा प्रभावकारी अनुगमनमा ध्यान पुग्न नसकी सञ्चालित कार्यक्रम तथा निर्मित संरचनाको दिगोपनामा समेत नकारात्मक असर पर्ने स्थिति रहन्छ । आयोजनाले यस वर्ष गरेको खर्चको स्थिति देहाय अनुसार छ ।

| बजेट उपशिर्षक | कुल खर्च | त्रैमासिक खर्च | | | | आषाढ महिनाको खर्च |
|---|---|---|---|---|---|---|
| | | प्रथम | दोस्रो | तेश्रो | चौथो | |
| पुंजीगत खर्चतर्फ | ९५७३५५४३ | ४८००० | ७०३५०७९ | १३०६५१६८ | ४७४५१११९ | २७७०४१६७ |
| प्रतिशत | ८१.८७ | ०.४१ | ७.४ | १३.६४ | ४९.५९ | २८.९३ |

३६ **ठेक्का अभिलेख** - सार्वजनिक निर्माण कार्य गर्ने हरेक निकायले ठेक्का अभिलेख म.ले.प.फा.न. ५०७ को ढाँचामा अद्यावधिक गरी राख्नुपर्ने व्यवस्था छ। निर्माण कार्यको विस्तृत अभिलेखाङ्कनको लागि प्रयोग गरिने ठेक्का सम्बन्धी अभिलेखले कुल गर्नुपर्ने कार्य, हाल सम्म भएको कामको परिमाण, मूल्य, कार्य सम्पादन जमानत, पेश्की ग्यारेन्टीको अवस्था, काम सम्पन्न गर्नुपर्ने मिति, भेरिएशन लगायतको जानकारी उपलब्ध हुन्छ। तर यस कार्यालयले उक्त विवरण देखिने गरी अभिलेख राखेको देखिएन। अतः स्वीकृत ढाचा अनुसार सवै विवरण खुल्ने गरी ठेक्का अभिलेख अद्यावधिक गरी राख्नुपर्दछ।

३७ **परामर्स तथा डीपीआर खर्च** - बजेट व्यवस्था भई कार्यान्वयन हुने आयोजनाको मात्र गुरुयोजना डीपीआर लगायतको अध्ययन गरी प्रतिवेदन तयार गर्नु पर्दछ। यस कार्यालयले यो बर्ष स्वीकृत बार्षिक कार्यक्रम अनुसार देहायबमोजिमको कार्य परामर्शदाताबाट गराई प्रतिवेदन प्राप्त गरको छ ।

| क.स. | कार्यक्रमको नाम | कुल खर्च (परामर्श) | लागत अनुमान |
|---|---|---|---|
| १ | प्रशासकीय भवन | ९९८९२० | १२०३१६८८७ |
| २ | रत्तचन्दने खानेपानी | ९९१०१० | ४६०४२४४२ |
| ३ | मन्छयायेम खेलमैदान | ४७१२१० | १२४४७२४०० |
| ४ | सतल सिकदेम सडक | २९२२१८ | ११८४३५६४१ |

डी.पी.आर.तयार गर्दा कार्यालयको प्राविधिक जनशक्ति प्रयोग नगर्नाको कारण स्पष्ट गर्दै आगामी दिनमा आगामी दिनमा कार्यालयको प्राविधिक जनशक्तिबाट यस्तो कार्य गराउनु पर्दछ। साथै, यसरी अध्ययन प्रतिवेदन तयार भएका आयोजनाहरु कार्यान्वयनमा गएको समेत नदेखिएकोले खर्चको सार्थकता समेत देखिएन।

३८ **म्याद थप** - सार्वजनिक खरिद नियमावली, २०६४ को नियम (१२०) मा खरिद संझौता बमोजिमको काम सम्झौता अवधिभित्र पूरा गर्न नसकेमा निर्माण व्यवसायीले सम्बन्धित सार्वजनिक निकायमा निवेदन दिनुपर्ने र कार्यालयले सो निवेदन उपर आवश्यक जाँचबुझ गरी गराई कारण उचित लागेमा म्याद थप गर्न सक्ने व्यवस्था छ। म्याद थप गर्नुअघि सम्बन्धित निर्माण व्यवसायीले समयमा नै काम सम्पन्न गर्न भर मग्दुर प्रयास गरे नगरेको, काबुबाहिरको परिस्थिति भए नभएको, कार्यालयले उपलब्ध गराउनु पर्ने कुराहरु उपलब्ध गराए नगराएको जस्ता कुराहरुको विश्लेषण गरेर मात्र खरिद संझौताको म्याद थप गर्नुपर्ने कुरा पनि सोही नियममा उल्लेख छ। कार्यालयले म्याद थप गर्नु अगाडि यी कुराहरुको बारेमा विश्लेषण गरी एक पटक म्याद थप गरेपछि पटक पटक एउटै कारण

देखाई म्याद थप गर्ने गरेको देखियो । निर्माण व्यवसायीले म्याद थपको निवेदन दिँदा थपिएको समयमा काम सम्पन्न गर्न सक्ने उल्लेख गरेको अवस्थामा पनि पुनः सोही व्यहोरा दोहोरिने गरेको छ। तर निर्माण व्यवसायीले काममा कुनै प्रगति नगरेको अवस्थामा पनि नियम (१२१) अनुसार पूर्व निर्धारित क्षतिपूर्ति नलिई म्याद थप गर्नाले निर्माण व्यवसायीले काम सम्पन्न गर्न चासो दिने गरेको देखिएन । तसर्थ, कार्यालयले संझौता अनुसारको काम समयमा नै सम्पन्न गर्न निर्माण व्यवसायीलाई जिम्मेवार बनाउनु पर्ने देखिन्छ । कार्यालयले उपलब्ध गराएको विवरण अनुसार म्याद थप सम्वन्धी विवरण निम्नानुसार छ ।

| क्र.स. | कार्यक्रमको नाम | जम्मा कायम सम्झौता संख्या | म्याद थप भएको समझौता संख्या | | | शतप्रतिशत भन्दा बढी अवधि थप |
|---|---|---|---|---|---|---|
| | | | अवधि थप गर्नु नपर्ने | शुरु अवधिको ५० प्रतिशत सम्म थप | शुरु अवधिको ५१ देखी १०० प्रतिशत सम्म थप | |
| 1 | पावरहाउस मोराहाङ सडक स्तरउन्नती | १ | | | थपेको | |
| 2 | सिमरा गुफा सडक स्तरउन्नती | १ | | | थपेको | |
| 3 | मोराहाङ श्रीजुङ खोलखर्क सडक स्तरउन्नती | १ | | | थपेको | |
| 4 | सेखिम्बा खानेपानी योजना | १ | | थपेको | | |
| 5 | रत्तचन्दने खानेपानी योजना | १ | थप नपर्ने | | | |

३९ **सफ्टवेयर खरिद** - नेपाल सरकारको सूचना प्रविधि प्रणाली (व्यबस्थापन तथा सञ्चालन) निर्देशिका, २०७१ को बुँदा नं. ४.१ मा कुनै सरकारी निकायले आफ्नो कार्य विद्युतीय माध्यमबाट सञ्चालन गर्नका लागि प्रयोग गर्ने सूचना प्रविधि प्रणालीको निर्माण गर्दा त्यस्तो प्रणाली सम्बन्धी कागजात तयार गरी मानक अनुरुप भए नभएको निर्धारण गर्न सूचना प्रविधि विभागबाट स्वीकृत गराउन पर्ने व्यबस्था रहेको छ। स्थानीय तहले सम्बन्धी सफ्टवेयर खरिद गरी रु. १,९४,९००।०० खर्च गरेकोमा खरिद भएका सफ्टवेयरको सूचना तथा प्रविधि विभागबाट स्वीकृत लिएको देखिएन। यस्ता सफ्वेयर स्वीकृति लिई प्रयोग गर्नुपर्दछ ।

४० **लागत सहभागिता** - पालिकाले आयोजना / कार्यक्रम छनौट गर्दा उपभोक्ता समितिको तर्फबाट नगद लागत सहभागिता जुट्ने आयोजनालाई प्राथमिकता दिनुपर्ने, नगद सहभागिता तोकिएको अवस्थामा सहभागिता वापतको रकम सम्बन्धित स्थानीय तहको खातामा दाखिला गरी सो को भौचर प्राप्त भएपछि मात्र उपभोक्ता समितिसँग योजना सम्झौता गर्नुपर्ने गर्नुपर्दछ। तर पालिकाले लागत सहभागिता सहितका लागत अनुमान तयार गरेको देखिएन्। अतः नगद लागत सहभागिता जुट्ने आयोजनालाई प्राथमिकता दिनुपर्दछ ।

४१ **जिन्सी निरीक्षण** - आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम (९९) मा सोही नियमावलीको नियम (९४), (९५) र (९६) बमोजिम जिन्सी मालसामानको लगत खडा गरी राख्नुपर्ने, सोको निरीक्षण गरी प्रतिवेदन तयार गर्नुपर्ने, प्रतिवेदनमा उल्लेखित सामान मध्ये मर्मत गर्नुपर्ने सामान ३ महिना भित्र र

लिलाम गर्नुपर्ने सामान ६ महिना भित्र लिलाम गरी सक्नु पर्ने व्यवस्था छ। तर पालिकाले यस वर्ष जिन्सी निरीक्षण गराई प्रतिवेदन तयार गरेको छैन। जसले गर्दा पालिकाको जिन्सीको अवस्था बारे यकिन गर्न सकिएन । नियमावलीको व्यवस्था अनुसार जिन्सी निरीक्षण गराई सोको आधारमा मर्मत सम्भार, लिलामी लगायतका कार्य गरी जिन्सी व्यवस्थापन गर्नुपर्दछ ।

४२ **ठेक्का व्यवस्था -** सार्वजनिक खरिद ऐन, २०६३ को दफा (९) मा खुला रुपमा वोलपत्र आह्वान गरी खरिद गर्ने सम्वन्धी व्यवस्था छ। पालिकाले वोलपत्र मार्फत प्रतिस्पर्धी आपूर्तिकर्ता छनौट गरी वार्षिक कार्यक्रम अनुसारका सडक निर्माणका योजना कार्यान्वयन गर्दै आएको छ । यस्ता योजना लागत अनुमान भन्दा १४ देखि ४४ प्रतिशत सम्म घटीमा गर्ने गरी कबोल भए अनुसार कार्यान्वयन गराएको पाइयो । पालिकाको स्वीकृत नर्म्सका आधारमा तयार भएको लागत अनुमान भन्दा धेरै घटीमा सोही गुणस्तरको कार्य गर्न कबोल गरी अधिकांश योजना निर्माण सम्पन्न गरी भुक्तानी फरफारक गरेको पाइयो। यस्ता योजनाको भुक्तानी गर्दा निर्माण सामाग्री र निर्माण कार्यको गुणस्तर परीक्षण गरेको देखिएन। न्यून लागतमा सोही गुणस्तरको कार्य भएको सम्वन्धमा नर्म्समा नै अधिक मूल्याङ्कन भएको हो वा गुणस्तरमा सम्झौता गरी भुक्तानी फरफारक भएको हो सो सम्वन्धमा पालिकाको ध्यानाकर्षण हुनुपर्ने देखिन्छ। साथै निर्धारित गुणस्तरमा कार्य भएको प्रमाणित गरी भुक्तानी गरेका कार्य निर्धारित अवधि सम्म टिकाउ भए नभएको यकिन गर्न प्रणाली सुदृढ गरी न्यून मुल्यमानै गुणस्तरीय कार्य हुने भएमा नर्म्स समेत सम्वन्धित निकायले पुनरावलोकन गर्नुपर्ने देखिन्छ। यस्ता केही योजनाको विवरण देहायमा उल्लेख छ। लागत अनुमानको तुलनामा उल्लेख्य प्रतिशत घटीमा गर्ने गरी कबोल तथा सम्झौता भएका केही योजनाकोहरुको विवरण देहायबमोजिम उल्लेख गरिएको छ।

| सि.नं. | कार्यक्रमको नाम | ठेक्का नं. | ल.ई. | बोलपत्र संख्या | कवोल रकम | घटी बढी प्रतिशत |
|---|---|---|---|---|---|---|
| १ | पावरहाउस मोराहाङ सडक स्तरउन्नती | 01/MRM/W/NCB/2079/80 | ६४९९६२२.४१ | ३ | ३६४४८०९.७९ | -४३.९२ |
| २ | सिमरा गुफा सडक स्तरउन्नती | 02/MRM/W/NCB/2079/80 | ६४९९६४५.६४ | १ | ४९४२६२३.१५ | -२३.९६ |
| ३ | मोराहाङ श्रीजुङ खोलखर्क सडक स्तरउन्नती | 03/MRM/W/NCB/2079/80 | ५१९९६७०.१६ | २ | २९०४२१०.५ | -४४.१५ |
| ४ | सेखिम्बा खानेपानी योजना | 04/MRM/WSP/NCB/2079/80 | ८७८६८३९.३४ | ४ | ६८२०१०८.४४ | -२२.३८ |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| ५ | रत्तचन्दने खानेपानी योजना | 05/MRM/WSP/NCB/2079/80 | ७८२०६८०.७८ | ३ | ६६९८२५६.४७ | -१४.३५ |

४३ **आर्थिक सहायता -** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २४(३) मा गाउँपालिका तथा नगरपालिकाले आफ्नो अधिकारक्षेत्रभित्रका योजना बनाउदा उत्पादनमूलक तथा छिटो प्रतिफल प्राप्त गर्न सकिने, जनताको जीवनस्तर, आम्दानी र रोजगार बढ्ने तथा दीर्घकालीन पूँजी निर्माण हुने खालका योजना तर्जुमा गरी कार्यान्वयन गर्नुपर्ने व्यवस्था छ। त्यस्तै, आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को दफा ४०(२) मा बजेट शीर्षक तथा उपशीर्षकमा विनियोजित रकम विपद् व्यवस्थापन तथा आर्थिक सहायता जस्ता कार्यमा गृह मन्त्रालय वा नेपाल सरकारबाट भएको निर्णय अनुसार मात्र खर्च गर्नुपर्ने व्यवस्था रहेको छ। नगरपालिकाले गरिबी निवारण नीति, २०७६ ले तोकेको सूचकाङ्कका आधारमा स्पष्ट मापदण्ड, र कार्यविधि तर्जुमा गरी तथा बजेट विनियोजन गरेर मात्र आर्थिक सहायता वितरण गर्नु पर्दछ। पालिकाले गरिबी निवारण नीति, २०७६ ले तोकेको सूचकाङ्कका तथा स्पष्ट मापदण्ड र कार्यविधि तर्जुमा गरी नगरी विभिन्न व्यक्तिहरुलाई यस वर्ष रु. ४२०३०० आर्थिक सहायता वितरण गरेको छ। उक्त रकम पालिकाको कुल आन्तरिक आय रु. १६,१९,२८५।०० को २६ प्रतिशत हुन आउँछ। अतः स्पष्ट सूचकाङ्क, मापदण्ड र कार्यविधि वेगर आर्थिक सहायता वितरण गर्ने प्रक्रियामा नियन्त्रण हुनु पर्दछ।

४४ **शिक्षक दरवन्दी र पदपूर्ति -** स्थानीय तह अन्तर्गत रहेका सामुदायिक विद्यालयहरुमा दरबन्दी अनुसार शिक्षकको पदपूर्ति भई नियमित पठनपाठनको व्यवस्था हुनुपर्दछ । यस स्थानीय तह अन्तर्गत विभिन्न तहका २३ (दुई बाल विकास केन्द्र सहित) सामुदायिक विद्यालयहरुको शिक्षक दरवन्दी र पदपूर्तिको अवस्था एवं विद्यार्थीको संख्या निम्नानुसार रहेको देखिन्छ ।

| क्र.स. | विद्यालयको नाम | शिक्षक दरवन्दी | पदपुर्ति | पदपुर्ति मध्ये करार | | | विद्यार्थी संख्या |
|---|---|---|---|---|---|---|---|
| | | | | करार | राहत | गा.पा.अनुदान | |
| १ | श्री जनकल्याण आधारभूत विद्यालय मेन्छयायेम १ | | | | १ | | २० |
| २ | श्री सिंहदेवी आधारभूत विद्यालय मेन्छयायेम १ | २ | २ | २ | | २ | ६२ |
| ३ | श्री शारदा आधारभूत विद्यालय मेन्छयायेम १ | ३ | ३ | १ | | ३ | ६० |
| ४ | श्री सरस्वती आधारभूत विद्यालय मेन्छयायेम २ | | | | १ | | १५ |
| ५ | श्री जनप्रिय मा.वि. पौठाक मेन्छयायेम २ | १० | १० | १ | ४ | | २२९ |
| ६ | श्री जलकन्या आधारभूत विद्यालय मेन्छयायेम २ | ३ | ३ | | | | ४५ |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| ७ | श्री सदुवा आधारभूत विद्यालय मेन्छयायेम २ | १ | १ | | | | १३ |
| ८ | श्री कालिका आधारभूत विद्यालय मेन्छयायेम ३ | २ | २ | २ | १ | २ | ९० |
| ९ | श्री युवा वर्ष आधारभूत विद्यालय मेन्छयायेम ३ | २ | २ | १ | | | ३७ |
| १० | श्री श्रीजुङ्ग माध्मिक विद्यालय मेन्छयायेम ४ | ९ | ९ | | ५ | १ | २९३ |
| ११ | श्री असिने आधारभुत विद्यालय मेन्छयायेम ४ | ४ | ४ | | | २ | ८० |
| १२ | श्री सिंहदेवी आधारभुत विद्यालय मेन्छयायेम ४ | | | २ | | | ३२ |
| १३ | श्री जाँति आधारभुत विद्यालय मेन्छयायेम ५ | ५ | ५ | १ | | २ | ११४ |
| १४ | श्री बशिष्ट आधारभुत विद्यालय मेन्छयायेम ५ | ३ | ३ | | | | २४ |
| १५ | श्री गौखुरी मा.वि. मोराहाङ्ग मेन्छयायेम ५ | १४ | १४ | १ | ४ | १ | ३१९ |
| १६ | श्री हर्क आधारभुत विद्यालय मेन्छयायेम ५ | | | | २ | | १९ |
| १७ | श्री रत्न आधारभुत विद्यालय मेन्छयायेम ५ | १ | १ | | | | ११ |
| १८ | श्री सिद्धेश्वर माध्मिक विद्यालय मेन्छयायेम ६ | ६ | ६ | १ | ४ | १ | १२६ |
| १९ | श्रीललित चन्द्रा आधारभुत विद्यालय मेन्छयायेम ६ | १ | १ | १ | १ | १ | ३९ |
| २० | श्री पञ्चकन्या आधारभुत विद्यालय मेन्छयायेम ६ | ४ | ४ | १ | ३ | १ | ६२ |
| २१ | श्री लक्ष्मी आधारभुत विद्यालय मेन्छयायेम ६ | १ | १ | | | | २३ |
| २२ | पहल गंगा वालविकास केन्द्र मेन्छयायेम ६ | | | | | | ८ |
| २३ | नवज्याति बालविकास केन्द्र मेन्छयायेम ३,तेह्रथुम | | | | | | १६ |
| **जम्मा** | | **७१** | **७१** | **१४** | **२६** | **१६** | **१७३७** |

दरबन्दी बमोजिम शिक्षक पदपूर्ति गर्दै न्युन विधार्थी भएका सामुदायिक विद्यालयहरुको खारेजी र एकीकरण गर्नेतर्फ पालिकाको ध्यान जानुपर्दछ ।

४५ **स्वकीय सचिव नियुक्ति –** प्रदेश सभाद्वारा गाउँ तथा नगर सभाका सदस्यहरूको सुविधा सम्बन्धी ऐन, २०७५ को दफा ३ (३) मा उप-दफा (१) बमोजिमको अतिरिक्त महानगरपालिका र उपमहानगरपालिकाको प्रमुख र उप प्रमुखले कार्यालय प्रयोजनका लागि एक। एक जना कर्मचारीलाई निजी सचिवको रुपमा राख्न सक्ने छ र नगरपालिका/गाउँपालिकाको हकमा प्रमुख । अध्यक्षले र उपप्रमुख । उपाध्यक्षले नगर।गाउँपालिकाको राजस्व र आन्तरिक आय एवं कार्यालयको कार्यबोझ समेतलाई ध्यानमा राखी कार्यपालिकाको निर्णय बमोजिम एकजना कर्मचारीलाई निजी सचिवको रुपमा राख्न सक्नेछ भन्ने उल्लेख छ । त्यस्तै, स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ८३(८) मा तोकिएको भन्दा फरक पदमा कर्मचारी पदपूर्ती गर्न नहुने उल्लेख छ । कार्यालयले

गाउँपालिका अध्यक्षको स्वकीय सचिवको रुपमा निम्नानुसारका २ जना कर्मचारी नियुक्ति गरी तलव भत्ता भुक्तानी भएको छ । यसरी ऐनमा कार्यालयको कार्यबोझ तथा आम्दानी हेरी एकजना कर्मचारीलाई निजी सचिवको रुपमा राख्न सक्ने व्यवस्था भएकोमा कार्यालयले नियमविपरित ऐनमा व्यवस्था नै नभएको पदमा नयाँ कर्मचारी नियुक्ति गरी तलव भत्ता रु.८,७५,५८४।०० भुक्तानी गर्नु नियमसम्मत नदेखिएको रु.

| क्र.सं. | नाम थर | स्तर | नियुक्ति मिति | भुक्तानी रकम | कैफियत |
|---|---|---|---|---|---|
| १ | गोपाल प्रसाद दाहाल | पाचौं | २०७९।५।१ | ४४८७६० | |
| २ | खगेन्द्र बहादुर लिम्बु | चौथो | | ४२६८२४ | |
| | **जम्मा** | | | **८७५५८४** | |

| | |
|---|---|
| अनियमित भएको | ८,७५,५८४ |

४६ **बढी भुक्तानी** -

*✂ ........... (प्रारम्भिक प्रतिवेदन उपर राजश्व दाखिला गरेको प्रमाण पेश भएको आधारमा मिति २०८०।१२।२७ को निर्णयबाट रु.१२३५० सम्परीक्षण गरिएको ।)*

४७ **घटी कर दाखिला भएको -** आयकर ऐन, २०५८ को दफा (८८) र (८९) मा भुक्तानीमा कर कट्टा गरी दाखिला गर्नुपर्ने व्यवस्था छ । यस गाउँपालिकाले सञ्चालनको सिलाई कटाई तालिम कार्यक्रमको प्रशिक्षक प्रेमदास नेपालीलाई प्रशिक्षक वापत परिश्रमिक भुक्तानी भएको रु ९०,००० को १५ प्रतिशत कर कट्टी गर्नुपर्नेमा १ प्रतिशत मात्र कट्टी भएकोले बाँकी १४ प्रतिशतले हुने रकम रु १२,६०० सम्बन्धितबाट असुल गरी दाखिला गर्नुपर्दछ ।

| | |
|---|---|
| असुल गर्नुपर्ने | १२,६०० |

४८ **फरक दररेट -** सडक विभागबाट स्वीकृत दररेट विश्लेष्ण नर्म्स, २०७५ को नर्म्स नं. १०.८ मा Providing and laying of hand pack Stone soling कार्य गर्दा प्रति घ.मी. १.२ जना दक्ष कमदार, २.४ जना अर्ध दक्ष कमदार तथा १.२ घ.मी. ढुङ्गा चाहिने उल्लेख छ । पालिकाले यस वर्ष देहायका योजनाहरुमा चाहिने ढुङ्गा खरिद गरेको नदेखिएकोले तथा पालिकाले नै उक्त योजनाहरुमा ढुङ्गा उपलब्ध गराएकोले योजनाहरुमा निर्माण सामग्रीको परिमाण घटाई कायम हुन आएको दररेट रु. ३,६४९/- ले भुक्तानी दिनुपर्नेमा कार्यसम्पन्न प्रतिवेदनमा प्रति घनमीटर रु.४,१७९/-का दरले भुक्तानी दिएकोले प्रति घन मीटर रु.५३०/- का दरले बढी भुक्तानी दिएको असुल गर्नुपर्ने रु.

| | |
|---|---|
| असुल गर्नुपर्ने | ३,८८,४९० |

**(विस्तृत विवरण बेरूजु दफा ४८ सँग सम्बन्धित अनुसूचीमा संलग्न छ ।)**

४९ **सव कन्ट्राक्टबाट कार्य गराएको -** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ (९) मा उपभोक्ता समिति वा लाभग्राही समुदायबाट सञ्चालित हुने निर्माण कार्यमा लोडर, एक्साभेटर,रोलर,डोजर,ग्रेडर, विटुमिन डिस्ट्रिव्युटर, विटुमिन व्वाइलर जस्ता हेभी मेशीनहरु प्रयोग गर्न नसकिने उल्लेख छ। तर लागत अनुमान तयार गर्दाको समयमा हेभी मेसिन प्रयोग गर्नुपर्ने जटिल प्रकृतिको कार्य भनी उल्लेख भएको रहेछ भने सम्बन्धित प्राविधिकको सिफारिशमा सम्बन्धित प्राविधिकको सफारिसमा सार्वजनिक निकायबाट सहमति लिई प्रयोग गर्न सकिने व्यवस्था छ । त्यस्तै, सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ (१०) मा उपभोक्ता समिति वा लाभग्राही समुदायले पाएको काम आफैंले सम्पन्न गर्नुपर्ने व्यवस्था छ र कुनै निर्माण व्यवसायी वा सब-कन्ट्राक्टरबाट गराउन सक्ने छैन भन्ने व्यवस्था रहेको छ। कुनै कारणबस समितिले काम गर्न नसकेमा सो सम्बन्धमा जाँच गरी सो समिति वा समुदायसँग भएको सम्झौता तोडी बाँकी काम यस नियम र नियमावली बमोजिम गराउनु पर्ने व्यवस्था रहेको छ।तर पालिकाले लागत अनुमान तयार गर्दाका बखत जटिल प्रकृतिको कार्य भनी उल्लेख नभएको तथा हेभी मेसिन प्रयोग गर्न सार्वजनिक निकायले सहमति समेत नदिएको अवस्थामा समेत हभी मेसिन प्रयोग गरेको छ। त्यस्तै, पालिका अन्तर्गतका उपभोक्ता समितिबाट निर्माण सम्पन्न गरिएका प्रायः योजनाहरुमा निर्माण व्यवसायीहरुबाट सब-कन्ट्राक्टमा कार्य गराएको छ। यस सम्बन्धमा गत विगतको महालेखापरीक्षको वार्षिक प्रतिवेदनले समेत औंलियाईएकोमा सो विपरित निर्माण कार्यमा हेवी मेसिनको प्रयोग गरेको तथा निर्माण व्यवसायीहरुबाट सब-कन्ट्राक्टमा कार्य गराएको नियमसम्मत देखिएन। यसका केही उदाहरण यसप्रकारका छन ।

**(विस्तृत विवरण बेरूजु दफा ४९ सँग सम्बन्धित अनुसूचीमा संलग्न छ ।)**

५० **प्राविधिक मुल्यांकन -** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ (६) मा उपभोक्ता समिति वा लाभग्राही समुदायले हरेक किस्ताको कामको प्राविधिक मूल्यांकन, बिल, भरपाई र खर्च प्रमाणित गर्ने अन्य कागजात त्यस्तो समिति वा समुदायको बैठकबाट अनुमोदन गराई सम्बन्धित सार्वजनिक निकायमा पेश गर्नुपर्ने व्यवस्था छ । गाउँपालिकाले देहायका उपभोक्ता समितिहरुबाट कार्य गराएकोमा विभिन्न साईजका H.D.E.P. पाईपको बास्तविक बिल भन्दा बढी परिमाणमा काम गरेको भनी नापी किताबमा देखाई बढी परिमाणमा भुक्तानी दिएको असुल गर्नुपर्ने रु.

| | |
|---|---|
| असुल गर्नुपर्ने | ३४,९९१ |

**(विस्तृत विवरण बेरूजु दफा ५० सँग सम्बन्धित अनुसूचीमा संलग्न छ ।)**

## अनुसूचीहरू

## आर्थिक कारोबारको स्थिति

आर्थिक बर्षः २०७९/८०

कार्यालय र स्थान: मेन्छयायेम गाउँपालिका, तेह्रथुम , मेन्छयायेम गाउँपालिका , तेह्रथुम

| पद | नाम | कार्यकाल सुरु मिति | कार्यकाल समाप्त मिति |
|---|---|---|---|
| कार्यालय प्रमुख | Ram Bahadur Kunwar | २०८०-८-१ | हाल सम्म कार्यरत |
| लेखा प्रमुख | nirmal acharya | २०७९-१-२० | हाल सम्म कार्यरत |

बेरुजु वर्गीकरणः

| असूल गर्नुपर्ने | अनियमित भएको | प्रमाणका कागजात पेश नभएको | जिम्मेवारी नसारेको | सोधभर्ना नलिएको | जम्मा पेश्की |
|---|---|---|---|---|---|
| ४४८,४३१ | ८७५,५८४ | ० | ० | ० | ० |
| | | | | **प्रारम्भिक प्रतिवेदनबाट देखिएको बेरुजू रु.** | १,३२४,०१५ |
| | | | | **प्रारम्भिक प्रतिवेदन उपर फछ्यौंट गरी संपरीक्षण भएको रकम रु.** | १२,३५० |
| | | | | **संपरीक्षणबाट थप भएको बेरुजू रु.** | ० |
| | | | | **लेखापरीक्षण प्रतिवेदनमा कायम बेरुजू रु.** | १,३११,६६५ |

स्थानीय तह :

| गत बर्षको जिम्मेवारी | | ४६८४५१०९.४५ | |
|---|---|---|---|
| आम्दानी | | खर्च | |
| संघीय सरकारबाट अनुदान | २०९२५५०६१ | चालु खर्च | २०८८२६०४०.२८ |
| प्रदेश सरकारबाट अनुदान | १३६६७५४६ | पूँजीगत खर्च | ९५७३५५४३ |
| राजश्व बाँडफाँट | ४५५३२३४१.३७ | वित्तीय/अन्य व्यवस्था | ४७७७४६२१ |
| आन्तरिक आय | १६१९२८५.० | | |
| अन्य आय | ४६७९१३६६.६६ | | |
| कुल आय | ३१६८६५६००.०३ | कुल खर्च | ३५२३३६२०४.२८ |
| बाँकी मौज्दात | | ११३७४५०५.२ | |

**बेरूजु दफा ४८ सँग सम्बन्धित विवरण - अनुसूची -५**

| भौ.नं./मिति | योजनाको नाम | एकाई | परिमाण | भुक्तानी हुनुपर्ने दर | भुक्तानी भएको दर | बढी भुक्तानी दर | बढी भुक्तानी रकम |
|---|---|---|---|---|---|---|---|
| १०७-०८०/२/२१ | ताङमाया सिक्देम असिने सडक५ | घ.मी. | ३१० | ३६४९ | ४१७९ | ५३० | १६४३०० |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| १०६-०८०/२/२१ | सेखिम्बा चिङ्फाङ्ग सडक ३ | घ.मी. | २५२ | ३६४९ | ४१७९ | ५३० | १३३५६० |
| ७१-०८०/१/१७ | संग्रान्ते लाब्री सडक | घ.मी. | १३६ | ३६४९ | ४१७९ | ५३० | ७२०८० |
| ६१-०८०/१/११ | किरातेश्वर आखरबोटे सडक४ | घ.मी. | ३५ | ३६४९ | ४१७९ | ५३० | १८५५० |
| जम्मा | | | | | | | **३८८४९०** |

**बेरूजु दफा ४९ सँग सम्बन्धित विवरण-अनुसूची-६**

| **भौ.नं.।मिति** | **योजनाको नाम** | **निर्माण व्यवसायीको नाम** | **विनियोजित रकम** | **कार्यसम्पन्न रकम** | **हेभी मेसिनको भुक्तानी रकम** | **भुक्तानी रकम** | **हेभी मेशीनको भुक्तानी (प्रतिशतमा)** |
|---|---|---|---|---|---|---|---|
| १४०-०८०/३/१२ | खेसरा जनप्रिय सडक -२ | आशिक निर्माण सेवा | २४५९७० | २४६६८३ | १५२७८९ | २,११,२०० | ७२.५१ |
| ११३-०८०/२/२३ | किरातेश्वर संग्राते सडक | आशिक निर्माण सेवा | २८८००० | ३१६१३३ | २७४२७३ | २,८८,००० | ९५.१४ |
| ८८-०८०/२/७ | तुम्बायक भीरमुनी सडक ४ | आशिक निर्माण सेवा | २००००० | २१०९३१ | १६०३११ | १,९२,००० | ८३.३३ |
| ८६-०८०/२/६ | भीमसेन डाँडा डबली सडक ३ | आशिक निर्माण सेवा | १९२००० | २१२३९७ | १८७९९४ | १,९२,००० | ९७.९२ |
| ६३-०८०/१/१२ | मोराहाङ्ग साविक १ नं. सडक मर्मत उ.स. ५ | सरोज निर्माण सेवा | ४२३६०६ | ४२४१६३ | ३११०१४ | ३,८४,००० | ८०.९९ |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| ३६-०८०/११/१७ | भित्ताघर बदेले सडक सडक ४ | आशिक निर्माण सेवा | १५८०१५ | १५८२१० | १६८७८८ | १,४४,००० | ११७.३६ |
| २९-०८०/११/१३ | खोरुङ्गा खोला सुम्लुङ्ग भोटे खोला उ.स. ४ | आशिक निर्माण सेवा | ११००००० | ११५८२४६ | ४४४४५६ | ११,००,००० | ४०.४१ |

**बेरूजु दफा ५० सँग सम्बन्धित विवरण - अनुसूची -७**

| **भौं.नं./मिति** | **उपभोक्ता समितिको नाम** | **कामको विवरण** | **एकाई** | **प्राविधिक मूल्यांकनबाट कायम परिमाण** | **कार्यसम्पन्न परिमाण** | **बढी मूल्यांकन परिमाण** | **दर** | **बढी भुक्तानी रकम** |
|---|---|---|---|---|---|---|---|---|
| १६४-०८०/३/२४ | सेखिम्वा खानेपानी योजना निर्माण | H.D.E.P. 25MM/10 KG | र.मी. | ८०० | १२०० | ४०० | ६१.८६ | २२२६९ |
| १४२-०८०/३/१७ | सिकिदिम खाापा | H.D.E.P. 20MM/16 KG | र.मी. | २१०० | २४०० | ३०० | ४४.६४ | १२७२२ |
| **जम्मा** | | | | | | | | **३४९९१** |